CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानगुनका कुरा

भाग - १६२

नयराज पन्त अङ्क - २९

नयराज पन्त स्मृति अंक - १९



ज्ञानगुन प्रकाशन

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानगुनका कुरा

भाग – १६२

नयराज पन्त अङ्क – २९

(नयराज पन्त स्मृति अंक – १९)

सम्पादक

शेषराज सिवाकोटी

सह-सम्पादक

श्वेता सिवाकोटी (कोइराला)

उप-सम्पादक

सुश्री स्वस्तिका सिवाकोटी

सहायक-सम्पादक

सुश्री गरिमा सिवाकोटी

स्रष्टा समाज
काठमाडौं, नेपाल

ज्ञानगुन प्रकाशन

काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक

ज्ञानगुन प्रकाशन
मैतिदेवी, काठमाडौं ।
फोन नं. : ४४१६३५७

संरक्षक

श्री रूक्मणी राज सिवाकोटी
श्रीमती ओम कुमारी सिवाकोटी
श्री विश्वनाथ ढकाल
श्रीमती सुभद्रा ढकाल
श्री बद्रीप्रसाद 'पहाडी'
श्रीमती राधादेवी दाहाल
श्री भानुभक्त खनाल
श्रीमती शोभा खनाल

सल्लाहकार सम्पादक

श्री रामबाबु दाहाल
राधा सदन, पोखरिया, विराटनगर-४
अध्यक्ष - सचेत नागरिक अभियान, विराटनगर
मोवाइल नं. ९८४२०२७७९८

सहयोगी सम्पादक

श्री यादव भट्टराई
उपप्राध्यापक 'नेपाली' - क्रिस्ट कलेज
कमलपोखरी, काठमाडौं ।
मोवाइल नं. ९८४१-२६९००९

पत्र व्यवहार ठेगाना

सम्पादक
ज्ञानगुनका कुरा
घर नं.-५३, करुणागल्ली
मैतिदेवी, काठमाडौं - ३३ ।

प्रकाशन मिति

२०६९ श्रावण २६ गते शुक्रवार
(नयराज पन्तको १०० औं जन्मजयन्ती)

प्रवन्ध निर्देशक : **श्रीमती गायत्री सिवाकोटी**

मुख्य व्यवस्थापक : **सुश्री गरिमा सिवाकोटी**

('ज्ञानगुनका कुरा' मा प्रकाशित लेखमा व्यक्त धारणा लेखकका निजी हुन् । त्यसमा सम्पादक वा प्रकाशकको सहमति हुनुपर्ने आवश्यकता छैन । प्रकाशित लेखका लागि सम्बन्धित लेखक नै जवाफदेही हुनेछन् । -सम्पादक)

मूल्य रु. ३०।-

मुद्रकः- श्री प्रेस, जावलाखेल, ललितपुर फोनः ५५३२८२२
Email : shreepress@wlink.com.np

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

क्रम	शीर्षक	लेखक	पृष्ठ
१.	हर्कबढाईं गरौं !	कमल दीक्षित	१
२.	ईस्वीसंवत्‌गणनामा श्रीगुरु नयराज पन्तको योगदान	प्रा.डा. साम्बराज आचार्य	४
३.	प्रकाण्ड विद्वान् स्व.प्रा.नयराज पन्तज्यूमा श्रद्धाञ्जली	अंगूरबाबा जोशी	८
४.	परमादरणीय श्रीगुरु पण्डित नयराज पन्तज्यूमा श्रद्धा सुमन	डा. जगमान गुरुङ	१०
५.	अद्वितीय विद्वान् नयराज पन्तसँगका दुई बिहान	डा.जीवेन्द्र देव गिरी	१३
६.	नयराज पन्त विनाको नेपाली इतिहास लेखन	प्रा.डा. सुरेन्द्र केसी	१९
७.	कवि नयराज पन्तका संस्कृत कविताहरूको साहित्यिक वैशिष्टच	प्रा.डा. टीकाराम अधिकारी	२४
८.	नेपालका प्रसिद्ध विद्वान् नयराज पन्त : एक सम्झना	एस.पी "आशा"	३८
९.	प्रकाण्डविद्वान् पं. नयराज पन्तज्यूमा शब्दपुष्पाञ्जली	डा. कमला सुवेदी	४२
१०.	सत्यान्वेषी पं. नयराज पन्त	डा. शोभा पोखरेल	४८
११.	गुरुको घर !	विभूति शर्मा	५४

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णांश नयराजमा

– ठाकुर शर्मा

संसारी भोगले छुन्न प्रज्ञावान् सूक्ष्मधारमा
भावनाभित्र सङ्कीर्ण थिएन नयराजमा ॥१॥

आपद्-विपद होस् चाहे एक रूप छ भावना
बाँच्नुहुन्थ्यो कहीं खिन्न थिएन नयराजमा ॥२॥

शरीरमा भए रोग आत्मा छुन्न विचारमा
छुन्न, तम कहाँ अट्छ अट्दैन नयराजमा ॥३॥

भावनामा डुबी हेरौं बनाई मन निर्मल
जताततै सबै भेट्छन् देख्छन् नै नयराजमा ॥४॥

संसार यो सबै बुझ्छन् देखिन्नन् मोहजालमा
बुझेर बुझ्पचाएको भेटिन्न नयराजमा ॥५॥

पुरानो देह छाडेर आत्माले फेर्छ काँचुली
संसारी रूपको भोग दृष्य छ नयराजमा ॥६॥

विद्वत्ताले सदा चुम्ने स्वतन्त्रात्मक दर्शन
कला संस्कृतिको ज्ञान भेटिन्छ नयराजमा ॥७॥

नफँस्नू गुणवान् व्यक्ति संसारी मोह-जालमा
भन्दै जीवन चल्थ्यो नै धर्मात्मा नयराजमा ॥८॥

नरहरि थिए विज्ञ नयराज स्वभावमा
विद्वान् दुवै समाजैका विशिष्ट इतिहासमा ॥९॥

दुवैको कार्य भो एक इतिहास सजाउँदा
अध्यात्मतिर लम्केको देखियो नयराजमा ॥१०॥

भौतिकी देहको दृष्टि क्रमशः सूक्ष्म-तापमा
अन्तर्हृदयको दृष्टि पूर्णांश नयराजमा ॥११॥

दुःखकष्ट भयो धेरै ऐतिहासिक कर्ममा
अन्यले यस तानेछन् खाली भो नयराजमा ॥१२॥

कर्मको खेल-खेलैमा बल्झिनुपर्छ अर्थमा
भन्ने तात्पर्य नै मिल्थ्यो पूर्णांश नयराजमा ॥१३॥

कोही काम गरी चल्छ कोही ता चल्छ रागमा
सुकर्मतिरकै ध्यान भेटियो नयराजमा ॥१४॥

सिद्धान्त ज्योतिषाध्यायी नवीन मिल्छ आँकुरा
भित्र पाइन्छ सौन्दर्य पूर्णांश नयराजमा ॥१५॥

CC-0. In Public Domain. Digitization by eGangotri

हर्कबढाई गरौं !

- कमल दीक्षित

नयराज पन्त जस्ता विद्वान्सँग भेटघाट र चिनजान हुनु भनेको आफैंमा एउटा महत्वपूर्ण कुरा हो । उहाँसँग शिक्षालाभ नै गर्न पाउनु त कता हो कता ठूलो सौभाग्य ! त्यो मौका मैले पाइनँ तर उहाँको निकट, उहाँको सान्निध्यमा म पुग्न सकें । त्यो संजोग जुटाइदिनुभयो मेरा गुरु, रुद्रराज पाण्डेयले ।

यहाँनिर आएर मैले अलिकता स्पष्टीकरण दिनुपर्‍यो । २०६० सालतिरै मैले लेखेको (नयराज पन्तः स्मृति र स्पन्दन, पृ.२६) रहेछु "यति सबै लेखेको देख्दा पाठकहरूलाई म नयराजजीको अत्यन्त निकट रहेछु भन्ने पर्न सक्छ । हुन्थ्यो उहाँको अत्यन्त निकटको मान्छे हुन सकेको भए ! तर म निकट थिइनँ ।" त्यसपछि मैले लेखेको रहेछु "विद्या नै धन हुने ऋषिमुनि जस्तो मान्छेको को नजिक, को टाढा ?" त्यस लेखमा मैले व्यक्त गरेको एउटा कुरामा भने म ऐले पनि ल्याप्चे लाउन तयार छु(, मलाई चाहिँ उहाँले धेरै माया गर्नुभएको हो । म उहाँको स्नेहाभिषिक्त प्रशंसक हुँ ।

त, माथि छाडेको प्रसङ्ग जोडूँ, गुरु रुद्रराज पाण्डेयको । २००५ सालमै भारततिर भासिएको मान्छे, २०१० सालमा फेरि काठमाडू उक्लँदा यहाँको परिवेश मैले बुझ्नै नसक्ने गरेर बदलिइसकेको रहेछ । सात सालको क्रान्तिले यताको हावापानी नै फेरिएको देखें मैले । पैलेका साथीभाइका कुरा पनि बुझ्न नसक्ने जस्तो पो भएछु म त । अनि म "कोठेरानी" भएर गुम्सिएँ । एकडेढ वर्षपछि, रानी जगदम्बाबाट मदन मेमोरियल स्कूलको स्थापना गराउन सफल भएपछि मात्र म बिस्तारो बाहिर निस्कन थालेको हुँ ।

बाहिर निस्कँदा मैले नेपाली भाषाको अवस्था बुझ्न थालें । यहाँ त स्थिति निकै डरलाग्दो देखें । मूर्त रूपमा नभए पनि मदन पुरस्कारको खाका त्यसै ताका हो मेरो टाउकामा बसेको । मेरा पुराना गुरुहरूसँग भेट्दा, कुरा गर्दा थाहा भयो स्थिति त्यस्तो गएगुज्रेको त रहेनछ । कुनाकाप्चामा कर्मठ भाषा(सेवीहरू कार्यरत रहेछन् । रुद्रराजबाजेले मलाई योगी नरहरिनाथ र नयराज पन्तको नाम दिनुभयो र भन्नुभयो– "कमलमणि, तिमी

CC-0. In Public Domain. Digitization by eGangotri

आफैं यी दुई जनालाई भेट, गएर दर्शन गर । तिमीलाई नयाँ ऊर्जा मिल्नेछ ।" योगीजीका बारेमा चाहि उहाँले मलाई सतर्क पनि गराउनुभएको थियो, योगीजीले हिन्दीमा बोलेकोमा नतर्सनू भनेर । म दुवै जनाकहाँ पुगें, भेटें, कुरा गरें । नभन्दै ती दुई महापुरुषलाई भेटेपछि मेरो सोचाइमा धेरै परिवर्तन आयो र ममा नेपाली भाषा तथा नेपालका लागि केही गरिछाड्ने सङ्कल्प जागृत भयो भनूँ ।

मदन पुरस्कार गुठी अनि पुस्तकालय स्थापना भैसकेपछि जगदम्बा प्रकाशन खडा भयो । उता २००९ सालदेखि नै नयराजजीको संरक्षकत्वमा संशोधन–मण्डल खडा भएर त्यसले मसिना मसिना पुस्तिकाहरू निकाल्दै नेपाली इतिहासमा छिरेका अशुद्धिहरूलाई सच्याउन थालिसकेको थियो । त्यसरी आफूहरूलाई सच्याएको धेरै स्वनामधन्य इतिहासकारहरूलाई मन परेको थिएन, पचेको थिएन भनूँ । उनीहरू संशोधन–मण्डललाई गाली गर्दा रहेछन् । मैले भने नयराजजीको घरमै पुगेर जानीनजानी यस कार्यको प्रशंसा गरेछु । म तथा मेरो पारिवारिक, पुर्ख्यौली समेतको ज्ञान भएका विद्वान् नयराजजीले मलाई धन्यवाद दिनुभयो र रानीसाहेबलाई "मदन पुरस्कार खडा गरेको राम्रो भो बिन्ती गरिदिनू" भनी सद्दनी पनि गर्नुभयो । रहँदा बस्दा मैले नयराजजीको निकै माया पाएँ । अनि आशीर्वाद पाएँ । त्यसभन्दा बढी के खोज्ने ?

मेरो जगदम्बा प्रकाशनको र नयराजजीको संशोधन–मण्डलको पहिलो सहकार्य २०१८ सालमा भयो । हाम्रो प्रकाशनमालाको पन्ध्रौं ग्रन्थ भएर संशोधन–मण्डलको "*गल्लीमा फ्याँकिएका कसिंगर*" निस्क्यो । त्यसले केही प्रशंसा पनि पायो । त्यसको लगत्तै नयराजजीबाट मैले (अर्थात् जगदम्बा प्रकाशनले) इतिहाससंशोधनकै छरिएका पुस्तिकाहरूको सङ्कलन गरी छापिदिने जिम्मेदारी पाएँ । धनवज्रजीको प्रमुख सम्पादकत्वमा जगदम्बा प्रकाशनको सत्ताईसौं ग्रन्थ भएर **"इतिहाससंशोधनको प्रमाण–प्रमेय पहिलो भाग"** प्रकाशित भयो २०१९ सालमा । यो निकै गहकिलो पुस्तक थियो ठूलो साइजका झण्डै चार सय पृष्ठको । अनि मैले नयराजजीबाट ठूलो स्याबासी पाएँ । म धन्य भएँ ।

त्यसपछि नयराजजीको पनि ममाथिको विश्वास र पत्यार अझ बढ्यो क्यारे, उहाँले मलाई पृथ्वीनारायण विषयक किताबको पनि जिम्मा दिने विचार गर्नुभएछ । तर त्यसमा उहाँकै पनि निकै काम बाँकी रहेछ र त्यो प्रकाशनमा आउन केही समय लाग्यो । तैपनि सबै काम नसकिएकाले र प्रेस (नेपाल प्रेस) ले पनि असहयोग गरेकाले ५ भाग हुन्छ भनेको किताबका ४ भाग मात्र छापिन सके र त्यसमा पनि भरमार अशुद्धिहरू रहिदिएकाले प्रत्येक भागमा उपभाग जस्तो गरी शुद्धिपत्र समावेश गरेर निकाल्नुपरेको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । यो मेरा लागि पनि एउटा नमीठो सम्झनाका रूपमा रहेको छ । किनभने त्यसपछि हामीले संशोधन–मण्डलका पुस्तकहरू छापिदिने काम बन्दै जस्तो भयो ।

नयराजजीका बारेमा कुरा गर्दा नमीठो त होइन, दिक्क लाग्ने अर्को एउटा कुरो पनि मेरो स्मृतिमा आइरहन्छ । त्यो हो, नयराजजीलाई दिन लागेको मदन पुरस्कारमा 'हाम्रो पनि हक लाग्छ, हामीलाई पनि दिइयोस्' भनी दुई जनाले (वास्तवमा एक जनाले मात्र) रानी जगदम्बामा उजुरी हालेको प्रसङ्ग । त्यो दावालाई गुठीले मान्यता दिएन त्यो भिन्नै कुरा हो, तर त्यति ठूला व्यक्तिमाथि पनि यस्ता आरोप लाग्दा रहेछन् भन्ने बुझ्दा नमज्जा लाग्छ । यो कुरा गुठीको मुखपत्र 'नेपाली'को पूर्णाङ्क ११२ (पृ. ५८–५९) मा विस्तृत रूपमा दिइएकाले यहाँ त्यसको पुनरावृत्ति गर्नु मलाई उपयुक्त लागेन ।

त्यस नमीठो प्रसङ्गको नगरे पनि नयराजजी बारे मैले २०२८ सालमा मैले 'नेपाली' मा लेखेको एउटा सम्पादकीयको आंशिक पुनरावृत्ति गर्ने लोभ भने मैले संवरण गर्न सकिनँ, त्यो सम्झूँ । 'हाम्रा शिवि' भन्ने त्यस सम्पादकीयमा मैले यस्तो सम्म भनेको रहेछु– "... नयराज कलियुगका शिवि हुन् । उनी आफ्नो सम्पत्ति सिध्याएर नेपाली इतिहासको क्षुधा (शान्त गराउँदै छन् । प्राचीन युगका शिविको परीक्षा पूरा भएपछि उनले मोक्षलाभ गरेथे । तर यिनको चाहिँ परीक्षा कहिल्यै पूरा हुँदैन कि क्या ! यिनी स्वर्गलाभ गर्दैनन्; यिनी मोक्ष पाउँदैनन् । यस्ता छन् हाम्रा आधुनिक शिवि ! नयराजले नेपालमा नयाँ परम्परा चलाए, भनूँ कि, भनूँ नेपालमा पुरानो परम्परा उजिल्याउन खोजे धेरै पुरानो ऋषिकुलको परम्परा । तर त्यस परम्पराले कति राम्रो फल फलायो त्यो हेरिएन । उनको परम्परा त्यसै कठ्यांग्रियो । उनले प्रोत्साहन पाएन(न्– न सरकारबाट, न जनताबाट ! इतिहासको कत्रो विडम्बना ! अब पनि हामीले नयराजलाई चिन्ने बेला भएन ?"

अब, आउने वर्ष नयराजजीको जन्मशतवार्षिकी पर्छ । शेषराज सिवाकोटीको 'नयराज पन्त शोध सम्मान कोष' ले त्यसका लागि व्यापक तयारी गर्दैछ भन्ने मैले सुनेको छु । त्यो भव्य रूपले सम्पन्न होस् भनी म पनि शुभकामना गर्छु । किनभने नयराज पन्त जस्ता विद्वान् सन्तान नेपाल आमाले सारै कम मात्र जन्माउँछिन् । त्यस्तोमा, हामीले नयराजजीलाई पाएका रहेछौं एक सय वर्षअघि । त्यसको हर्कबढाई गरौँ !

CC-0. In Public Domain. Digitization by eGangotri

ईस्वीसंवत्‌गणनामा श्रीगुरु नयराज पन्तको योगदान

- प्रा.डा. साम्बराज आचार्य

जाँच्ने खेचरलाई गोलविधिले धोको त्यसै नै रह्यो ।
खाली पुस्तकको रयइतिरमै त्यो काल वित्तै गयो ॥
–नयराज पन्त

नेपालमा सिद्धान्तज्यौतिषको पठनपाठनको परम्परा श्रीगुरु नयराज पन्तज्यूले बसाल्नुभएको हो । उहाँ वि.सं. १९९४ मा सिद्धान्तज्यौतिषमा आचार्य परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भई बनारसबाट फर्केपछि वि.सं. १९९७ साल देखि रानीपोखरी संस्कृत प्रधान पाठशालामा सिद्धान्तज्यौतिष विषय पढाउन लाग्नु भयो । यस भन्दा अगाडि नेपालमा फलितज्योतिष वा व्यावहारिक ज्योतिष पढ्नुलाई नै ज्योतिष पढ्ने भनेर संझिइन्थ्यो । साधारण व्यक्तिहरू पनि ज्योतिष भन्नासाथ फलादेश गर्ने शास्त्र भन्ने नै बुझ्दथे । उहाँले सिद्धान्तज्यौतिष पढाउन थाले पछि भने सिद्धान्तज्यौतिष र फलितज्योतिषको भेद कतिपय व्यक्तिले अलि अलि थाहा पाउन थाले । वापूदेव शास्त्री र सुधाकर द्विवेदीले वनारसमा चलाएको सिद्धान्तज्यौतिषको पढाइलाई नै श्रीगुरु नयराज पन्तले नेपालमा निरन्तरता दिन प्रारम्भ गर्नुभएको हो । उहाँले महामहोपाध्याय सुधाकर द्विवेदीका सुपुत्र पद्माकर द्विवेदीसँग सिद्धान्तज्यौतिष पढ्नु भएको रहेछ । त्यसैको आधारमा त्यस वेला उहाँले नेपालमा सुरु गर्नुभएको सिद्धान्तज्यौतिषको परम्परा नेपाल संस्कृत विश्वविद्यालयमा हालसम्म पनि कायमै छ ।

सिद्धान्तज्यौतिषको मुख्य उद्देश्य भनेको शुद्ध पञ्चाङ्ग गणना गरी प्रकाशित गर्नु नै हो । तर सिद्धान्तज्यौतिष नपढेका ज्योतिषीहरूले धेरै पहिलेदेखि नेपालमा पञ्चाङ्गगणना गर्थे । वि.सं. १९४१ साल देखि त पञ्चाङ्ग प्रकाशित पनि गर्न थालियो । पहिल्यैका पञ्चाङ्ग गणकहरूले भास्वती, ग्रहलाघव, र कतै कतै खण्डखाद्यकबाट पनि पञ्चाङ्ग गणना गर्थे, विशेष गरेर पश्चिमी नेपालमा खण्डखाद्यकबाट पञ्चाङ्ग गणना गर्ने प्रचलन

CC-0. In Public Domain. Digitization by eGangotri

अझै पनि कताकति चलेको बुझिन्छ । त्यसपछि भने सिद्धान्तसारणी, ग्रहलाघवसारणी, मकरन्दसारणी, रामविनोदसारणीबाट पञ्चाङ्ग गणना र ग्रहगणना गर्न थालियो । तिनको आधारमा धेरै समयसम्म पञ्चाङ्गहरू गणना गरी प्रकाशित पनि भए । पछि नेपाली ज्योतिषी हरिलाल पोखरेलले पञ्चाङ्ग गणना गर्न पञ्चाङ्गदर्पण र ग्रहगणना गर्न ग्रहदर्पण रचना गरी प्रकाशित पनि गरे । यसरी पञ्चाङ्ग गणना गर्ने गणकहरू सारणीको आधारमा हतौडीको भरमा पञ्चाङ्ग गणना गर्दछन् ती सारणीका अंकहरू कसरी आउदछन् । तिनको उपपत्ति के हो भनेर सोध्यो भने भन्न सक्दैनन् र जान्दैनन् पनि । तसर्थ सरौटे सारणीका अंकमा कुनै शंका उठेमा तिनको समाधान गर्न सक्ने क्षमतावान् पञ्चाङ्गकार अझै पनि नेपालमा तयार भएका छैनन् । तसर्थ नयराज पन्तज्यूले यस्ता सारणीका अंकहरू पनि शुद्ध्याउन सक्ने र राम्ररी पञ्चाङ्ग गणना गर्न सक्ने क्षमतावान् पञ्चाङ्गकार उत्पादन गर्न खोज्नुभएको थियो । त्यो कुरा नबुझने र त्यसबाट आफ्नो स्वार्थपूर्ति समेत नहुने देखेर पदाधिकारीहरूले संस्थागत रूपमा उहाँलाई यस्तो कार्यक्रम अगाडि बढाउन दिएनन् । आफ्नो योजना भने उहाँले वि.सं. २०२१ सालको पञ्चाङ्गमा प्रकाशित गरी जनसमक्ष पनि ल्याउनुभएको थियो । उनीहरूले यसरी आफ्नो मातहतमा रहने संस्थागत संगठन गर्न नदिए पनि श्री गुरु नयराज पन्तज्यू भने चुप लागेर वस्नु भएन । आफ्नो स्वतन्त्ररूपको कसैले पनि हस्तक्षेप गर्न नसक्ने खालको संशोधन मण्डल खडा गरी त्यसैबाट सिद्धान्तज्यौतिषको उपयोग गर्न थाल्नु भयो । संशोधन मण्डलका कतिपय सदस्यहरूलाई प्राचीन तिथिमितिको गणना गर्न सिकाउनु भयो । केतकरले रचना गरेको **सौरार्यब्राह्मपक्षीयतिथिगणितम् र इन्डियन याण्ड फरेन क्रोनोलेजिबाट** प्राचीन तिथिमितिको गणना गर्न संशोधन मण्डलका सदस्यहरूले सिके । फलस्वरूप लिच्छविकालका अभिलेखमा, मल्लकालका अभिलेखमा र शाहकालका अभिलेखमा उल्लिखित तिथिमितिको गणना र अन्य तिथिमितिको पनि गणना गरी निर्णय गरिएका उदाहरणहरू पूर्णिमा पत्रिकाका विभिन्न अंकहरूमा प्रशस्त भेटिन्छन् । लिच्छवि संवत्‌को निर्णय पनि सिद्धान्तज्यौतिष विषयमा आधारित गणनाको आधारमा नै उहाँले गर्नुभएको हो । श्रीगुरु नयराज पन्तज्यूले पनि सिद्धान्तज्यौतिष नपढ्नु भएको भए उहाँले त्यो गर्न सक्नुहुन्थेन ।

यसरी पञ्चाङ्ग गणनाको महत्त्व सर्वसाधारणलाई पनि आफूले गरेको कामको उदाहरणले बुझाउँदै पञ्चाङ्गलाई अझ व्यापक र फराकिलो बनाउन भने उहाँले चाहि रहनु भयो । फलस्वरूप केवल विक्रम संवत् र शकसंवत्‌को गणना गर्न जानेर पनि पञ्चाङ्गमा अघि धेरैकालदेखि समावेश गर्दिै आएको ईस्वी संवत्‌को यथार्थ ज्ञान नहुँदा पञ्चाङ्गकारहरूमा पूर्णता आउन सक्दैन भनेर उहाँले ईस्वी संवत्का तारिख कसरी

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारण गर्ने भन्ने वारेमा अत्यन्त सरल तरीकाले केवल तीन पद्यमा सूत्र रूपमा बनाई बुझाउन प्रयत्न गर्नुभएको देखिन्छ। सो कुरा वि.सं. २०२३-०२४ मा मैले आचार्यतह उहाँसंग पढ्दा जुन पद्य मलाई टिपाउनु भएको थियो। ती पद्यहरू यहाँ प्रस्तुत गरी जानकारी गराउन चाहन्छु। सम्भवत यी पद्यहरू आजसम्म कतै पनि प्रकाशित भएका छैनन्। जुन यस प्रकार छन् -

अप्रेलमासे जुनसंज्ञमासे
सितम्बरे मासि नवम्बरे च।
भवन्ति घस्राः खगुणाः परेषु
रूपाग्नयो मास्सु दिनानि सन्ति ॥

वेदैश्छेद्यः क्रैस्तवाब्दोऽधिकः स्यात्
सामान्याख्याः स्युः परे क्रैस्तवाब्दाः।
सामान्या स्यात् पूर्णरूपा शताब्दी
खाभ्राम्नायच्छेदनीयाऽधिका सा ॥

सामान्याऽब्दे फेब्रुवर्याख्यमासे
सम्पद्यन्ते वासरा नागदस्राः।
सम्पद्येताब्दोऽधिकश्चेत् प्रवर्ध्य
एको घस्रः फेब्रुवर्याख्यमासे ॥

अर्थात् अप्रेल, जुन, सितम्बर, नबम्बर, यी महिना ३० दिनका हुन्छन्, ती बाहेक जनवरी, मार्च, मे, जुलाई, अगष्ट, अक्टोवर डिसेम्बर ३१ दिनका हुन्छन्।

जुन ईस्वीसंवत्लाई ४ ले अपवर्तन लाग्दछ त्यसलाई अधिक वर्ष मान्दछन्। अरु ईस्वीवर्षलाई (४ ले अपवर्तन नलाग्नेलाई) साधारण वर्ष भन्दछन्। पूर्ण भएको शताब्दी ४ ले अपवर्तन लाग्छ तापनि साधारण नै वर्ष कहलाउछ। ४०० ले अपवर्तन लाग्ने भयो भने मात्र पूर्ण शताब्दी अधिक वर्ष कहलाउछ।

साधारण वर्षमा फेब्रुवरी महिनामा २८ दिन हुन्छन्, अधिक वर्षमा भने फेब्रुवरीमा २९ दिन हुन्छन्।

ईसाईहरूको वर्ष सायन हुन्छ। सायन वर्षमा ३६५.२४२१९४६ सावन दिन हुन्छन्। वर्षका १२ महिना भए। दिन ३६५ भयो, यस कारण सबै महिनालाई ३० दिनका वनाउदा ५ दिन अडमिल्दो हुने तथा सबैलाई ३१ दिन बनाउदा ७ दिन नपुग्ने

CC-0. In Public Domain. Digitization by eGangotri

भएबाट केही महिनालाई ३० दिनका र केहीलाई ३१ दिनका मान्न पर्ने भयो । ईसाईहरूले आफ्नो परम्परा अनुसार ४ महिनालाई ३० दिनका माने, यसो गर्दा १२० दिन गए । ७ महिनालाई ३१ दिनका मान्दा २१७ दिन गए । यसरी जम्मा ३३७ दिन गए, बाँकी रहेका २८ दिन फेब्रुवरी महिनामा मानी वर्षका १२ महिनालाई ३६५ दिन बाँडी चुँडी दिए । यसो गर्दा प्रत्येक वर्ष ०.२४२१९४६ दिन बाँकी रहे । बाँकीलाई ४ ले गुन्दा .२४२१९४६X४ =९६८७७८७ पुग नपुग १ दिन हुने हुनाले ४, ४ वर्षमा १ दिन बढाउने नियम उनीहरूले चलाए । यसरी बढाउदा नियम रहोस् भनी जुन वर्षलाई ४ ले भाग लाग्छ, त्यस वर्षमा फेब्रुवरीमा एक दिन बढाउने नियम चलाए । यसो गर्दा १०० वर्षमा २५ दिन बढ्ने भयो । परन्तु .२४२१९४६X१००=२४.२१९४६ दिन मात्र हुने हुनाले एक शताब्दीमा २४ दिन मात्र बढाउन पर्ने भयो । तसर्थ पूर्ण शब्दीमा फेब्रुवरीमा २८ दिन मात्र मान्ने रीति पनि उनीहरूले चलाए । यसो गर्दा ४०० वर्षमा .२४२१९४६ X ४०० = ९६.८७७८४०० पुगनपुग ९७ दिन हुने हुनाले जुन वर्ष ४०० ले भाग जान्छ त्यस वर्षलाई अधिक वर्ष नै मानी फेब्रुवरी महिनामा २९ दिन मान्ने चलन पनि चलाए । यसरी स्वल्पान्तरले पोप ग्रेगोरी (इटली) ले यस्तो नियम बसालेका हुन् । यति कुरा बुझे पछि पञ्चाङ्गकारहरू निर्धक्क भई ईस्वीसंवत् प्रयोग गर्न समर्थवान् हुन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाण्ड विद्वान् स्व. प्रा.नयराज पन्तज्यूमा श्रद्धाञ्जली

– अंगूरबाबा जोशी

सरस्वतीपुत्र स्व.प्रा.श्री नयराज पन्तज्यू आफ्नो कालखण्डका नेपालका विशिष्ट विद्वान्‌हरू मध्ये अग्रणी हुनुहुन्थ्यो । उहाँको विद्वत्ताको प्रशंसा नेपालमा मात्र होइन, भारतमा समेत हुन्थ्यो । मैले सुनेकी थिएँ: एउटा संस्कृतको अन्तर्राष्ट्रिय सम्मेलनमा कसैले पनि जवाफ दिन नसकेको विषयमा उहाँ मात्र एक जनाले दिनु भएको देखेर काशीका विद्वानहरूले नेपालमा पनि यस्ता विद्वान् रहेछन् भनेर गजब परेका थिए रे ।

जब हामी दुलाहा दुलही आइ.एस्सी.र आइ.ए.मा पढ्थ्यौँ, १९४९ तिर, उहाँले इतिहास संशोधन नामको अनुसन्धानात्मक लेखहरू प्रकाशित गर्नु गराउनु हुन्थ्यो । यस काममा उहाँका सुपुत्र हाल प्रा.श्री दिनेशराज पन्तज्यूले पनि सक्रिय रूपमा सघाउनु हुन्थ्यो भन्ने सुनेकी थिएँ । मेरा मार्गदर्शक एवं उत्प्रेरक पतिदेव स्व.श्री प्रा.डा. बलराम जोशीले त्यो प्रकाशनहरू ल्याएर मलाई पनि सुनाइबक्सन्थ्यो । सत्य र तथ्य परक ज्ञानार्जनमा उहाँको प्रतिबद्धता थियो । त्यसैले इतिहासमा देखिएका त्रुटिहरूलाई उहाँले सच्चाउन चाहनु हुन्थ्यो । राणाकालमा पनि उहाँ निर्भिक भएर देखेको कुरा स्पष्ट भन्नुहुन्थ्यो । त्यसैले उहाँले नेपाली समाजमा आफ्नो विशिष्ट सम्मानित स्थान बनाउनु भएको थियो ।

प्रा. नयराज पन्तज्यू संस्कृतको मात्र प्रकाण्ड विद्वान् होइन; ज्योतिषमा उहाँको दक्षता उस्तै गहिरो थियो । उहाँ धुरन्धर इतिहासविद् पनि हुनुहुन्थ्यो । इतिहास, ज्योतिष, व्याकरण र अन्य विषयमा पनि उहाँका एकल र संयुक्त रूपमा प्रकाशित भएका थुप्रै पुस्तक र पत्रिकाहरू छन् । आफ्ना सहयोगी शिष्यहरूको सहयोगबाट इतिहास संशोधन मण्डलको संस्थापना र इतिहास संशोधनको पूर्णिमा पत्रिकामा सयौं लेख प्रकाशित छन् । उहाँका सुयोग्य पुत्र श्री प्रा.डा. दिनेश राज पन्तज्यूले आफ्नो आदर्श पिताको बीडो थामिरहनु भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा.श्री नयराज पन्तज्यूलाई त्रिभुवन विश्वविद्यालयले विद्यावारिधिको सम्मान पनि अर्पण गरेको थियो । त्यतिबेला म त्रि.वि.वि.को साधारण सभाको सदस्य थिएँ र सो विद्यावारिधि उहाँमा समर्पण हुनु पर्दछ भन्ने प्रस्ताव मैले नै राखेकी थिएँ । त्रि.वि.वि.ले मेरो प्रस्ताव स्विकृत गरेकोमा उक्त नेपालकै सबभन्दा जेठो विश्वविद्यालय प्रति म साह्रै कृतज्ञ छु र यो सम्मानको निमित्त-कारण बन्न पाएकीमा मलाई गौरव छ ।

श्री प्रा.डा.बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रतिष्ठानले २०५७ को ज्ञानीमा समर्पण गरेको दोसल्ला, माल्यार्पण, सम्मान-पत्र सहित रू ५०१०१/-को डा. बलराम जोशी ज्ञान विज्ञान राष्ट्रिय पुरस्कार ब्रह्मलीन श्री योगी नरहरिनाथज्यूमा समर्पण गरिएको थियो । श्री योगीज्यूले सो पुरस्कार विद्वान् प्राध्यापक नयराज पन्तज्यूको हातबाट दिने भए मात्र स्वीकार गर्छु, नत्र गर्दिन भन्नु भएकोले र पन्तज्यू आफ्नो घरबाट बाहिर निस्कन नसक्ने स्थिति भएकोले सो पुरस्कार अन्य पुरस्कारहरू सहित प्राध्यापक नयराज पन्तज्यूको निवास स्थानमा नै उहाँको वरद हातबाट अर्का प्रकाण्ड विद्वान योगी नरहरीनाथज्यूमा समर्पण गरिएको थियो । त्यतिबेला उहाँका सुपुत्र श्री डा.दिनेशराज पन्तज्यूबाट ठूलो सहयोग प्राप्त भएको थियो । दुइजना प्रकाण्ड विद्वानहरूको एकैपटक दर्शन पाउदा हामी सबै उत्प्रेरित भएका थियौँ ।

नेपालका गौरव एवं विद्वानहरूका उत्प्रेरक स्व. प्राध्यापक नयराज पन्तज्यूबाट उत्प्रेरित हुने सौभाग्य पाएकी व्यक्तिको नातोले उहाँमा म श्रद्धापूर्वक हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

न्यायाधीश श्री शेषराज सिवाकोटीज्यूको अनुरोधमा यो लेख प्रेसमा पठाइएको हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

परमादरणीय श्रीगुरु पण्डित नयराज पन्तज्यूमा श्रद्धा सुमन

- डा. जगमान गुरुङ

म पोखरामा छँदा नै श्रीगुरु पण्डित नयराज पन्तज्यूको बारेमा थाहा पाएको थिएँ। मैले प्राचीन इतिहास र संस्कृति विषयमा बि.ए. पढेको हुँदा **पूर्णिमा पत्रिका र इतिहास संशोधनको प्रमाण प्रमेय** पढ्ने गर्दथें। त्यसकारण श्रीगुरु पण्डित नयराज पन्तज्यू र इतिहास संशोधन मण्डलको बारेमा थाहा पाएको हुँ।

म वि.सं. २०३५ को फागुनमा काठमाडौं आएपछि श्रीगुरु नयराज पन्तज्यूको घर खोज्दै खोज्दै काठमाडौं, वटु, सबलबहाल गएँ। घरभित्र पसेर माथि उक्लेपछि दाहिनेपट्टि बैठक कोठा रहेछ। त्यहाँ एकजना शिक्षकले नयराज गुरुका नाति नातिनीहरूलाई संस्कृत पढाइ रहनुभएको देखें। त्यसपछि नयराज गुरुको कक्षमा गएर उहाँको दर्शन गरें। उहाँका जेठा छोरा महेशराज पन्तले संस्कृत भाषामा जोड जोडले नयराज गुरुलाई मेरो बारेमा भन्नुभयो। उहाँहरू एक आपसमा संस्कृत भाषामा कुरा गर्नुहुँदो रहेछ। मलाई अचम्म लाग्यो र रहर पनि लाग्यो। उहाँको घरको वातावरण देखेर म अत्यन्तै प्रभावित भएँ।

म त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धान केन्द्रमा सेवारत भएपछि त्यहाँ श्रीगुरु पण्डित नयराज पन्तज्यूका चेलाहरू **धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल**सँग सत्सङ्ग गर्ने र सिक्ने मौका पाएँ। मलाई धनवज्र वज्राचार्यको निर्देशनमा रहेर अनुसन्धान कार्य गर्न लगाइएको थियो। यसरी मैले नयराज गुरु र इतिहास संशोधन मण्डलको बारेमा धेरै कुराहरू जान्ने मौका पाएँ।

नयराज गुरु साविक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ परिषद्को सदस्यमा मनोनीत हुनुभयो। त्यसवेला प्रत्येक प्राज्ञ सदस्यले तीन-तीन महिनामा आ-आफ्नो विषयमा प्रवचन गर्नु पर्ने नियम थियो। म नबिराइकन सधैं नयराज गुरुको प्रवचन सुन्न जान्थें।

CC-0. In Public Domain. Digitization by eGangotri

मैले नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयको स्नातकोत्तर (एम.ए.)तहको परीक्षाको परिपूर्तिको लागि **नेपालको एकीकरणमा गुरुङहरूको भूमिका** शीर्षकको शोधपत्र लेखेको थिएँ । मेरो शोधपत्र पुस्तकको रूपका प्रकाशित भएपछि प्रज्ञा-प्रतिष्ठानमा गएर नयराज गुरुलाई उक्त पुस्तक टक्र्याएँ । नयराज गुरुले मलाई यस पुस्तकको कुनै पानाबाट एक-दुई हरफ पढ्नुहोस् भन्नुभयो । मैले काजी नरसिंह गुरुङको बारेका पढेछु । नयराज गुरुले यो कुरा ठीक हो भन्नुभयो । उहाँले अहिले काठमाडौंको त्रिदेवी मार्गमा तीनओटा मन्दिर भएको जग्गा काजी नरसिंह गुरुङको हो, पछि उक्त जग्गा काजी अमरसिंह थापालाई दिइएको हो भन्नुभयो ।

श्रीगुरु पण्डित नयराज पन्तज्यूका चेला पण्डित भोलानाथ पौडेलका छोरा मित्रवर सामनाथ पौडेलसँग पृथ्वीनारायण क्याम्पस, पोखरामा मेरो भेट भयो । उहाँबाट मैले नयराज गुरु र इतिहास संशोधन मण्डलको बारेमा धेरै कुराहरू थाहा पाएँ । म काठमाडौं आएपछि पं. भोलानाथ पौडेलसँग भेट भयो । उहाँबाट मैले ज्योतिषशास्त्रका केही सिद्धान्तहरू पनि सिकें । भोला गुरुका छोराहरू रुक्मनाथ पौडेल र गुहनाथ पौडेलसँगको चिनजान र आत्मीयता बढ्दै गयो ।

श्रीगुरु पण्डित नयराज पन्तज्यू ललितपुरको एकान्तकुनामा बस्न आउनुभएपछि म बराबर उहाँकहाँ गइरहन्थें । नयराज गुरुका कान्छा छोरा प्रा. दिनेशराज पन्तसँग मेरो घनिष्टता एवं आत्मीयता बढ्दै गयो । वि.सं. २०३६ को वैशाखमा वीरगञ्जको पिपरामठमा विश्व हिन्दू सम्मेलन भएको थियो । उक्त सम्मेलनमा भाग लिन म पनि पूर्णप्रकाश नेपाल यात्रीसँग वीरगञ्ज गएको थिएँ । वीरगञ्जको विश्व हिन्दू सम्मेलनमा जाँदा प्रा. दिनेशराज पन्त र नायव बडागुरुज्यू प्रा.डा. माधव भट्टराईसँग परिचय भयो । उहाँहरूसँगको मेरो आत्मीय सम्बन्ध अझै प्रगाढ नै छ । वीरगञ्जमा आयोजित विश्व हिन्दू सम्मेलनमा नै मैले पहिलो पटक डा. स्वामी रामकृष्ण प्रपन्नाचार्य र दाङका वरिष्ठ विद्वान् टेकनाथ गौतमसँग सत्सङ्ग गर्ने मौका पाएको थिएँ ।

यसरी नयराज गुरुका कान्छा छोरा प्रा. दिनेशराज पन्तसँग मेरो घनिष्टता बढ्दै गयो । आफूले नजानेका धेरै कुराहरू म उहाँसँग सोध्दछु । आफूसँग नभएका पुस्तकहरू पनि उहाँबाट उपलब्ध भइरहेको छ । मैले लेखेको **नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक पुस्तकको विषयगत एवं भाषागत सम्पादन प्रा. दिनेशराज पन्तज्यूले गर्नुभएको थियो । यसै गरी मैले भारतको कलकत्तास्थित विश्वज्योतिष विद्यापीठबाट सम्पन्न गरेको **पश्चिम नेपालका गुरुङहरूमा प्रचलित चिनियाँ-तिब्बती ज्योतिषशास्त्र एक अध्ययन** शीर्षक विद्यावारिधिको

CC-0. In Public Domain. Digitization by eGangotri

शोध प्रबन्ध अनुसन्धानमूलक र विधिसम्मत छ भनेर उहाँले नै सिफारिस गरिदिनु भएको थियो । यसरी मैले गरेका अध्ययन तथा अनुसन्धानहरूका लागि प्रा. दिनेशराज पन्तज्यूले एउटा अनौपचारिक निर्देशकको दायित्व वहन गरिरहनु भएको छ ।

अन्ततोगत्वा प्रारब्धले मलाई साविक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको जुन कार्यकक्ष र आसनमा श्रीगुरु पण्डित नयराज पन्तज्यू विराजमान हुनुभएको थियो, जुन कार्यकक्षको जुन आसनमा नयराज गुरुका चेला तथा मेरा अग्रज एवं हितैषी ज्ञानमणि नेपालज्यू बस्नुभएको थियो, त्यही आसनमा लगेर मलाई पदासीन गरायो । मैले साविक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्को सदस्यमा मनोनीत हुने सौभाग्य प्राप्त गरें । यसलाई मैले श्रीगुरु पण्डित नयराज पन्तज्यूको वरदान सम्झेको छु ।

मलाई ज्ञानगुन साहित्य प्रतिष्ठानले वि.सं. २०६६ मा नयराज पन्त शोधसम्मान र वि.सं. २०६८ मा ज्ञानमणि नेपाल शोधसम्मानद्वारा सम्मान गरेको थियो । गुरुवरहरूको यही शुभ आशीर्वादबाट अहिले म नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रको कार्यकारी निर्देशक पदमा रही प्रा. दिनेशराज पन्त एवं प्रा.डा. नोवल किशोर राईसँग सहकार्य गर्ने मौका पाएको छु ।

संस्कृत भाषाप्रतिको मेरो सद्भाव, आर्य संस्कृतिप्रतिको मेरो सद्भाव, सबै जाति, भाषा, धर्म र संस्कृतिप्रतिको मेरो समान सद्भाव एवं समन्वयात्मक संस्कृतिप्रतिको मेरो प्रतिबद्धता तथा नेपाल राष्ट्र र नेपाली राष्ट्रियताप्रतिको मेरो समर्पणलाई ध्यानमा राखेर मलाई यस पदमा आसीन गराएको हो भनेर मैले आफ्नो आत्ममूल्याङ्कन गरेको छु ।

मैले श्रीगुरु पण्डित नयराज पन्तज्यू र उहाँका सुपुत्रहरूसँगको सहचर्या र सहकार्यलाई आफ्नो अहोभाग्य सम्झेको छु । यसको लागि म अत्यन्तै गौरवान्वित छु । अन्तमा श्रीगुरु पण्डित नयराज पन्तज्यूको सादा जीवन, उच्च विचारको जीवन दर्शन र पन्त परिवारको शालीनताबाट म सधैँ प्रेरित रहन सकूँ । भविष्यमा पनि श्रीगुरु पण्डित नयराज पन्तज्यूबाट यस्तै प्रकारका शुभआशीर्वाद प्राप्त गर्दै सद्मार्गमा लागेर अघि बढ्दै नेपाल राष्ट्रको निर्माण एवं नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन तथा विकासको लागि समर्पित भई जीवन सफल पार्न सकूँ । यही मेरो अभिलाषा छ । मेरो उन्मुक्त हृदयको यिनै नैसर्गिक भावनिस्रावका अभिव्यक्तिहरूद्वारा परमादरणीय श्रीगुरु पण्डित नयराज पन्तज्यूमा हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

२०६८ साउन १८ गते, बिहीवार (जनै पूर्णिमा)
पुल्चोक, ललितपुर ।

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वितीय विद्वान् नयराज पन्तसँगका दुई बिहान

-डा.जीवेन्द्र देव गिरी

आरम्भ

वि.सं. २०५७ कार्तिक १९ र २६ गतेका दुई बिहान नेपाली वाङ्मयका अद्वितीय विद्वान् नयराज पन्तसँग बिताउने अवसर म स्वयम्, रमेश प्रसाद भट्टराई, डा.धर्मराज अधिकारी र फणीन्द्र राज निरौलाले पाएका थियौँ । 'झिसमिसे' त्रैमासिक पत्रिकाका निम्ति अन्तर्वार्ता लिन हामी त्यहाँ पुगेका थियौँ । 'झिसमिसे' का तर्फबाट मैले नेपालीमा प्रश्न सोध्ने, पन्तका कनिष्ठ पुत्र प्रा.दिनेशराज पन्तले त्यसलाई संस्कृतमा अनुवाद गरी उनका कानमा सुनाउने र उनले नेपालीमा धारा प्रवाह रूपमा आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने किसिमले सो अन्तर्वार्ता लिनेदिने काम सम्पन्न भएको थियो । टेप रेकर्डका ध्वनिचक्कामा सुरक्षित राखिएको त्यस अन्तर्वार्तालाई लिपिबद्ध गरी प्रा.दिनेश राज पन्तको समेत सहयोगमा अन्तिम रूप दिइएको थियो र वि.सं.२०५९ को 'झिसमिसे' को पूर्णाङ्क ३७, वर्ष २४, मा प्रकाशन गरिएको थियो । यतिखेर म उनको त्यो कोठा सम्झि रहेको छु जहाँ अत्यन्त सौहार्दपूर्ण वातावरणमा हामीले कुराकानी गरेका थियौँ । यतिखेर उनी हामीसँग छैनन् तर उनका विचार र व्यवहार हाम्रा मार्गदर्शकका रूपमा उनका कृति र हाम्रा स्मृतिमा जीवन्त छन् । तिनको अध्ययन, अनुसन्धान र अनुशीलनबाट समाज र राष्ट्र विशेष लाभान्वित हुन सक्तछ ।

नयराज पन्तमा अन्तर्निहित महत्त्वपूर्ण विशेषताका कारण नै उनी हाम्रा श्रद्धा र सम्मानका पात्र बनेका हुन्, उदाहरणीय प्राज्ञिक व्यक्तित्वका रूपमा हाम्रो मन जित्न सफल भएका हुन् । उनका ती विशेषतालाई अन्तर्वार्तामा केन्द्रित रहेर निम्नानुसार अङ्कन गर्न सकिन्छ :-

स्पष्ट वक्ता

नयराज पन्त स्पष्ट वक्ता थिए । अन्तर्वार्ताका क्रममा कतै पनि उनको जिब्रो लरबराएको पाइएन । उनले को रिसाउँछन् र को खुसाउँछन् भन्ने कुराको कुनै वास्ता

CC-0. In Public Domain. Digitization by eGangotri

नगरी आफ्नो अभिव्यक्ति प्रस्तुत गरेका थिए । उनले पञ्चायतकालमा नै दरबार र नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन पदाधिकारीहरूमा थरहरी उत्पन्न हुने गरी **'प्रज्ञा'** पत्रिकामा तलको श्लोक रहेको लेख छापेका थिए :–

हाम्रा राजा तरङ्गी कलुषित चरिता राजपत्नी हुनाले
धरैले दुःख पाए मुलुक पनि भताभुङ्ग बन्दो छ अहिले ।

उनलाई उपर्युक्त लेख पत्रिकाबाट हटाउन भनियो तर उनले मानेनन् । उनी प्रज्ञा प्रतिष्ठान त्याग्न तयार भए तर स्वाभिमान डगाउन तयार भएनन् । उनले आफ्नो प्राज्ञको पद गएमा कसरी गुजारा चलाउने भनी चाँजोपाँजो मिलाउन पारिवारिक सरसल्लाह पनि गरे । उनको पद त हरण गरिएन तर 'प्रज्ञा' बाट उनको लेख भने हटाइयो । उनले उक्त श्लोकमा उल्लिखित कुरा जङ्गबहादुरले लक्ष्मीदेवीलाई सत्ताबाट निकाल्न भनेको र आफूले 'पूर्णिमा' लगायत अरू प्रकाशनमा छापि सकेको कुरा पनि स्पष्ट पारे तर उनको केही लागेन ।

उनले विदेशी शक्तिको मुख ताक्ने नेपाली राजनैतिक क्षेत्रको प्रवृत्तिप्रति पनि औँला ठड्याएका छन् । उनी के भन्छन् भने राणाहरूले ज्ञानेन्द्रलाई गद्दीमा राख्दा सुरुमा कोही पनि बोलेनन् तर नेहरूले अस्वीकार गरेपछि भने यहाँका मान्छेहरूले मुख खोले । उनी तत्कालीन नेताहरूप्रति जिज्ञासु बन्दै सुरुमा मुख नखोल्ने प्रति प्रश्न राख्छन्– उनीहरूले कसरी प्रजातन्त्र ल्याए ? यस स्पष्टोक्तिले अहिले पनि हाम्रो नेतृत्वका कतिपय व्यक्तिको दिमाग रन्थनिने तुल्याउँछ होला जो बारम्बार नेपालको समस्या समाधान गर्न आफै मौलिक चिन्तन नगरी दिल्ली धाउने प्रवृत्तिले ग्रस्त छन् ।

डिल्लीरमण रेग्मी जस्ता प्रतिष्ठित राजनीतिज्ञलाई पनि नयराज पन्तले स्पष्ट शब्दमा बौद्धिक तस्करीको आरोप लगाएका छन् र आफूले प्रकाशित गरि सकेको सामग्री अप्रकाशित भनेर उनले आफ्ना नामबाट छापेको कुरा टिक्क्याएर अभिव्यक्त गरेका छन् । उनले लेखनाथ, देवकोटा, बालचन्द्र, सूर्य विक्रम ज्ञवाली जस्ता नेपाली बौद्धिकताको उचाइमा रहेका व्यक्तिहरूले पनि सत्ताको र शक्तिको प्रभावमा कुरा फेर्ने गरेको आरोप पनि सप्रमाण लगाएका छन् ।

वि.सं. २०४६ को आन्दोलनपछि उनलाई प्रज्ञा प्रतिष्ठानबाट राजीनामा दिन दबाब आयो, केही व्यक्तिले मुखमा कालो लगाइ दिन्छौँ पनि भने पन्त भने टसमस नभई बसे । त्यतिखेरको सरकार र मन्त्रीले पनि उनलाई चिन्न सकेनन् । मन्त्रीको हस्ताक्षरमा २०५० चैत्र १ को अवकाश पत्र पन्तले पाए । उनले आफ्नो मनको कुरा खुलस्त रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri

राख्दै भने, "काँग्रेसहरूका दृष्टिमा विद्या भन्ने पदार्थ छैन । यिनीहरू विद्वान्लाई यस्तै अपमान गर्छन् ।" उनले पछि प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता त पाए तर प्रतिशोधका कारण ८/९ महिना ढिलो गरियो भन्ने उनको टिप्पणी छ ।

नयराज पन्तले ब्रिटिसहरूले नेपालको इतिहास लेख्नाको कारण नेपालको इतिहासको ज्ञान गर्नु नभई यहाँको अवस्था बुझेर यहाँ प्रवेश गर्ने उपाय थाहा पाउनु हो भन्ने कुरा पनि अन्तर्वार्तामा प्रस्ट पारेका छन् । डेनियल राइट नामक ब्रिटिस इतिहासकारले गोर्खालीहरूलाई निकालेर मात्र नेपालमा प्रवेश गर्न सकिने तर्क दिँदै केही हजार सिपाहीको ज्यान दिन र केही लाख रुपियाँ खर्च गर्न सकिएमा सो कार्य सफल हुने कुरा उल्लेख गरेको बारे पनि उनले चर्चा गरेका छन् । गोर्खाली नेपालमा रहेसम्म यहाँ प्रवेश गर्न नसकिने हुँदा तिनलाई निकालिनु पर्ने धारणा ब्रिटिसहरूको थियो भन्ने यथार्थलाई पनि उनले प्रस्ट्याएका छन् ।

यसरी देशभित्र र बाहिर दुबैतिर आँखा लगाई आफूले देखेजानेको कुरा सार्वजनिक गर्ने काम नयराज पन्तले गरेका छन् । जीवन पर्यन्त उनले आफ्नो यो विशेषता कायम राखे । ज्ञानका कुरामा र सत्यतथ्यका विषयमा विद्वान्ले कुरा बङ्ग्याउनु हुँदैन भन्ने मान्यता स्थापित गर्न उनी सदा समर्पित रहे ।

सत्यान्वेषी

नयराज पन्त कुनै कुरा सार्वजनिक गर्नु अगि प्रमाण जुटाउनु पर्छ भन्ने मान्यता राख्थे । सत्यको अन्वेषणका निम्ति उनले निकै परिश्रम गरेको कुरा उपर्युक्त अन्तर्वार्ताबाट थाहा पाउन सकिन्छ । यसनिम्ति उनी क्षेत्रीय र पुस्तकालयीय दुबै प्रकारका अध्ययन गर्थे । उनले २६ वर्षको उमेरमा सिद्धिचरण श्रेष्ठबाट लगन टोलमा तार्क्ष्य विक्रमको घरमा लिच्छविकालीन अभिलेख छ भन्ने थाह पाएपछि बाबुराम आचार्य र रामजीलाई लिएर त्यहाँ पुगे । घरधनीको स्वीकृति लिई रुमाल र मट्टितेलले पुछेर सफा पारेपछि त्यहाँ 'जात्या लिच्छवि राजवंशमनयं योलङ्करोत्युच्चकैं' लेखेको नरेन्द्रदेवको शिललेख पढियो । यसबाट अंशुवर्माले उत्तराधिकारी बनाएका उदयदेव लिच्छवि वंशका थिए भन्ने कुरा स्पष्ट भयो किनकि लिच्छवि वंशका नरेन्द्रदेवका पिता उदयदेव थिए । उनी अंशुवर्मा कुन वंशका थिए भन्ने कुरा पहिल्याउन पनि त्यसरी नै अन्वेषण हुनु पर्ने विचार राख्थे र तद्विद्यासम्भाषा वा त्यही विद्या जानेको मान्छेसँग सम्पर्क, छलफल आदि गर्ने इच्छा राख्थे तर नेपालमा विद्याको नभई चाकरीको विकास भएकोमा उनी अत्यन्त चिन्तित थिए । उनले ऐतिहासिक तथ्य पत्ता लगाउन भएका खोजको प्रशंसा पनि गरेका

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । पाटन सुनधारामा भएको अभिलेखमा 'प्रथम पौष' लेखिनाको अर्थ बेन्डाल, लेबी जस्ता विद्वान्‌ले पनि लगाउन नसकेको तर हेमराजको लेखपढको काम गर्ने उनका बाजेले निम्न लिखित श्लोक लेखेको कुरा उनले अगि सारेका छन् :–

पर्दैनन् अधिमास पौषतिरमा हाम्रो यता संप्रति
सक्दैनन् त्यसलाई ल्याउन कुनै पञ्चाङ्गका पद्धति ।
पाइन्छन् तर लिच्छवि क्षितिपका पाषाणका लेखमा
के हो यो घटना भनेर उहिल्यै सानै छँदामा सुनें
विस्तारै ग्रहलाघवादिक पढें पञ्चाङ्ग गन्ने भएँ ।

'पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति', 'लिच्छविसंवत्‌को निर्णय', 'नेपालको संक्षिप्त इतिहास' जस्ता अनेक पुस्तक लेख्न उनले गम्भीर अध्ययन गरेका छन् । उनको अध्ययनबाट पण्डित हेमराज वा माहिला गुरुज्यू पनि विशेष प्रभावित थिए । माहिला गुरुले विद्यामा लिएको चासो देखेर नयराजले उनको ठाउँ ठाउँमा प्रशंसा गरेका छन् यद्यपि चन्द्र शमशेरको आशीर्वादमा हुर्केका उनी र उनको परिवारको बडप्पनबारे भने उनले आलोचनात्मक दृष्टि लगाएका छन् । हेमराजको पुस्तकालयले उनलाई लोभ्याएको छ र त्यसको उपयोग गर्ने प्रयत्न पनि उनले पटक पटक गरेको पाइन्छ । उनले कतिपय भारतीय विद्वान् र बेलायती विद्वान्‌का विचारको खण्डन मण्डन गर्ने शक्ति राख्तथे भन्ने कुरा पनि उनको अन्तर्वार्ताबाट सिद्ध हुन्छ । उदाहरणका रूपमा भारतीय विद्वान् जायसवालले संवत् ४३५ को शिलालेखलाई ४१५ को भनेर आफ्नो पुस्तकमा उल्लेख गरेकोमा उनले खण्डन गरेका छन् र नेपाललाई भारतको उपनिवेश सिद्ध गर्ने कुतर्कको पनि खण्डन र आलोचना गरेका छन् । उनका अन्वेषणात्मक निष्कर्षका अगिल्तिर कुनै कुतर्क टिक्न गाह्रै छ ।

विद्याव्यसनी

नयराज पन्त विद्याव्यसनी थिए । उनी विद्याका निम्ति पूर्णतः समर्पित थिए । युरोपमा विद्याको विकास भएको देखेर उनी नेपालमा पनि कहिले त्यस्तो होला भन्ने कल्पन्थे । उनी युरोपमा कोपर्निकसले पुरानो विचारको खण्डन गर्दै ग्रहहरूका बीचमा सूर्य छन् र तिनले सूर्यको परिक्रमा गर्छन् भन्ने विचार ल्याएपछि विभिन्न ग्रह र सूर्यका बीचमा पृथ्वी छ र सबैले पृथ्वीको परिक्रमा गर्छन् भन्ने विचार खण्डित भएको, कोपर्निकस आफ्ना विचारमा सदा दृढ रहेको, टाइपो, केपलर, न्युटन आदिले यस यथार्थलाई विद्याका माध्यमबाट समृद्ध तुल्याएकोमा जति खुसी थिए त्यति नै नेपालमा

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् भनिएको व्यक्तिले आज बोलेको कुरामा भोलिपल्ट अर्कै विचार व्यक्त गर्ने गरेकोमा चिन्तित पनि थिए । युरोपमा विद्यामा क्रान्तिको तिन चार सय वर्षको लामो पृष्ठभूमि भएकाले प्रजातन्त्र फापेको तर हाम्रो देशमा विद्याको विकास नभएकाले त्यो टिक्न कठिन भएको विचार उनले व्यक्त गरेका थिए । अतः प्रजातन्त्र टिक्न पहिले विद्यामा क्रान्ति आउनु पर्छ अनि मात्र विचार दरो बन्छ र प्रजातन्त्रको आधार बलियो हुन्छ भन्ने उनको विचार थियो ।

उनी राजनीतिमा छलकपट हुने गरेको कुरा औंल्याउँदै एउटा निष्ठावान् विद्वान् सत्यतथ्यमा अड्नु पर्ने विचार व्यक्त गर्थे । उनले जङ्ग बहादुरले बेलायतकी महारानीका सम्मुख एउटा कुरा र बाहिर आएपछि अर्को कुरा गरेको, ब्रिटिसहरूले बाहिर इतिहासको ज्ञान गर्ने भनेको र भित्र नेपाल पस्ने मनसाय राखेको, जायसवालले नेपाललाई भारतको उपनिवेश रहेको देखाउने इरादाले किताब लेखेको, एक जना नेपाली नेताले अर्काको खोजलाई आफ्नो बनाएको, एउटै विचारका पार्टीनेताहरू बीच फुट भएको तथा कोही चाहिँ भ्रष्टाचारको आरोपमा पार्टीबाट निकालिएको जस्ता उदाहरण दिई राजनीतिलाई तल्लो दर्जाको खेल ठहऱ्याएका छन् । विद्यामा यस्तो नहुने र ज्ञानको ढोका उघार्न विद्वान् सदा उद्यत रहने विचार उनको छ । उनले विद्याको महत्त्व दिन राजनीतिप्रति नकारात्मक दृष्टि लगाएको आभास अन्तर्वार्ताबाट हुन्छ तापनि उनी जस्ता निष्ठावान् प्राज्ञको छविमा त्यसले खासै आँच पुऱ्याएको देखिँदैन ।

उनी विद्याका निम्ति कति तल्लीन थिए भने बुढेसकालमा आँखा र कानले राम्ररी काम नगर्दा पनि छोरा र अन्य सहयोगीहरूको साथ लिई अध्ययन, अनुसन्धान र प्रकाशनलाई अगि बढाइ रहे । उनी आफै र सहयोगीसँग मिलेर लेखेका राष्ट्रिय अन्तराष्ट्रिय महत्त्वका अनेक पुस्कहरूबारे पनि अन्तर्वार्तामा जानकारी उपलब्ध छ । उनी आफ्ना परिवारका छोरी बुहारीहरूलाई समेत विद्याध्ययनतर्फ आकर्षित गर्न विभिन्न जुक्तीहरू गरी रहन्थे भने इतिहास संशोधन मण्डल त उनको विद्याव्यसनको मेरुदण्ड नै थियो ।

समूह प्रेमी

इतिहास संशोधन मण्डल उनको विद्याध्ययनको परम्परा अँगालेको महत्त्वपूर्ण सङ्गठन हो । त्यस गुरुकुलबाट प्रशिक्षित एकभन्दा एक विद्वान्हरू नेपाली वाङ्मयका क्षेत्रमा स्थापित छन् ।

औपचारिक शिक्षा नलिई विद्याको शिखर स्पर्श गर्ने ती विद्वान्हरूमा धनवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त, रामजी तेवारी, देवी प्रसाद भण्डारी, शङ्कर

CC-0. In Public Domain. Digitization by eGangotri

मान राजवंशी, गौतमवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, नयनाथ पौडेल आदि नाम उल्लेखनीय छन् । आफू मियो बनेर सबैलाई सामूहिक रूपमा ज्ञानको द्वीप प्रज्वलित गर्न उद्वेलित गर्ने पन्तको सत्प्रयास सराहनीय छ । समूहमा विचारलाई खार्ने, माझने र चम्काउने निधिका कारण मानक ग्रन्थहरू समाजलाई सुम्पिन, इतिहासका गल्ती कमजोरीलाई सच्याउन र समाजलाई पथ प्रदर्शन गर्न पन्तको गुरुकुल सक्षम रह्यो ।

सुयोग्य प्राध्यापक

नयराज पन्तले वि.सं. १९९७ देखि वि.सं. २००८ सम्म रानीपोखरी संस्कृत पाठशालामा र वि.सं. २०२३ देखि २०३५ सम्म संस्कृत महाविद्यालय (पछि वाल्मीकि विद्यापीठ) मा अध्यापन प्राध्यापन र अनुसन्धान गरेको जानकारी उपलब्ध छ । विद्यार्थीहरूमा आर्जन गरेको ज्ञान हार्दिकतापूर्वक खन्याउँदै आएका पन्त विद्यार्थीलाई नाजायज सहुलियत भने कहिले पनि दिँदैनथे । उनी त्रि.वि.वि.बाट लिइने परीक्षामा उत्तर पुस्तिका परीक्षण गर्दा पनि गम्भीर उत्तरदायित्वका साथ काम सम्पन्न गर्थे । एक पटक उनले अनुत्तीर्ण गरी पठाएका दुई जना परीक्षार्थीमा दुबै उत्तीर्ण भएको उनले देखे र तत्कालीन रजिस्ट्रलाई आफूले अनुत्तीर्ण गराएका विद्यार्थी कसरी उत्तीर्ण भए भनी प्रश्न गरेर अवाक् तुल्याइएको कुरा उनले प्रकाशमा ल्याएका छन् । आफूलाई अनुचित लागेको कुरा निर्भीकतापूर्वक सार्वजनिक गरेर उनले त्रि.वि.वि.का पदाधिकारीको अनुचित कार्यप्रति विरोध जनाए । उचित कुराका निम्ति उनी जस्तोसुकै जोखिम उठाउन तयार हुन्थे भन्ने कुराको यो एक उदाहरण हो ।

एक सक्षम र सुयोग्य प्राध्यापकका रूपमा उनले सदा ज्ञान सागरमा डुबुल्की लगाए र उनको अध्ययन अनुसन्धानको प्रतिफलबाट हामी सबै लाभान्वित भयौँ । प्राध्यापकको आचारणमा आँच आउने कुनै कुरामा पनि उनले सम्झौता नगरी शिर ठाडो पारी रहे ।

समापन निर्भीक, स्वाभामानी, दृढ विश्चयी र आधिकारिक अभिव्यक्तिका निम्ति सदा स्मरणीय नयराज पन्त नेपाली धर्तीले जन्माएका केही सपुतहरूमध्ये एक हुन् । त्रिभुवन विश्वविद्यालयबाट सम्मानार्थ विद्यावारिधिको उपाधिले विभूषित पन्तका जीवन, लेखन र सिर्जनबाट सिक्न सकिने कुरा धेरै छन् । तिनका बारेमा शोधखोज र अध्ययन मनन गर्नु हामी सबैको परम कर्तव्य हो ।

९ साउन २०६९
२००/२६ कुमुद देवकोटा मार्ग
काठमाडौँ–३४

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्त विनाको नेपाली इतिहास लेखन

- प्रा.डा. सुरेन्द्र केसी

प्रसंग

फेरि नयराज पन्तलाई स्मरण गर्ने दिन आइपुगेको छ । राजनीतिक हस्तीहरूलाई मात्र मानमनितो एवं श्रद्धासुमन चढाउने यस देशमा नयराज पन्त मात्र होइन पार्टी सदस्यता नभएका अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुँवर जस्ता हस्तीहरूको जन्मजयन्ती पनि कसैले मनाउँदैन । फलस्वरूप आज तिनीहरूसमेत सम्बन्धित परिवारका बपौतीजस्ता बनेर क्रमशः परिवारभित्र ट्याक्सिंदै गएका छन् । त्यसैले तिनीहरूलाई न त विभूतिको नाममा तिनका परिवारजनहरूले स्थापना गरेका अमरसिंह थापा राष्ट्रिय प्रतिष्ठान र भक्ति थापा प्रतिष्ठान एवं बलभद्र कुंवर प्रतिष्ठानहरूले मात्र तिनको स्मरण वा जन्मजयन्ती जो जे मनाउने हो मनाउँदै आएको स्थिति छ । वस्तुतः जसले विराशतमा हाम्रो लागि आज यो देश सुम्पेर गए तिनलाई राज्यले वर्षमा एकपटक पनि स्मरण नगर्नु कृतघ्नताको कुन रूप होला सहजै अनुमान गर्न सकिन्छ । तर प्रश्न छ- जसले आफ्ना पूर्वज र राष्ट्रनिर्माताहरूको स्मरण गर्दैन त्यसको के भविष्य होला ? के हामीलाई पुर्खाले सराप्दैनन् ?

जब हस्तीहरूकै यो स्थिति छ भने अपठितले मलाई विद्याको परम्परा खस्किँदै गएको यस देशमा पूर्णतः विद्याको आराधनामा समर्पित नयराज पन्तलाई कसले सम्झे यस देशमा ? धन्य ! शेषराज सिवाकोटी जसले आफ्नो वैयक्तिक सद्भावना एवं साधन स्रोतको आधारमा सालवसाली नयराज पन्त होइन सबैजस्तो स्रष्टाहरूको सम्मानमा ज्ञानगुनका कुरा विशेषाङ्क वा कार्यक्रम मार्फत स्मरण गरी आउनाले क्रमशः वर्षमा एकपटक यस्ता महान हस्तीहरूका व्यक्तित्व र कृतित्व विषयमा विचार-विमर्श गर्नाले हामी स्वयं पवित्रजस्तो भएका छौं ।

पं. नयराज पन्तको अभाव सधैंभरि

यो वर्ष नयराज पन्तको निधन भएको ठ्याक्कै एक दशक भएको छ । संवत १९७० श्रावण २६ गते यस धर्तीमा अवतरण भएका पं. नयराज वि.सं. २०५९ कार्तिक

CC-0. In Public Domain. Digitization by eGangotri

१८ का दिन यस धर्तीबाट विदा भएका थिए । इमान्दारीपूर्वक भन्ने हो भने यस एक दशकमा कुनै पनि नेपाली इतिहास वेत्ताले उनका जसरी विषयको गहिराइसम्म गएर नेपाली इतिहास माथि विचरण गरेको पाइएन भन्ने यस अवधिमा प्रकाशमा आएका इतिहास सम्बद्ध पुस्तकादिले नै पुष्टि गरिरहेकै छन् । फाट्टफुट्ट आफ्नै प्रकारका कृतिहरू अवश्य पनि प्रकाशमा आए तर उनका प्रयासले जसरी इतिहासमा एउटा छलाङ मार्थे तिनले यस्तो सायदै गरे । लैनसिंह वाङदेलको जय वर्माको मूर्ति र नेपालको वर्मा वंश एउटालाई अपवाद मान्दा सायदै यस बीचको कुनै पनि इतिहास सम्बद्ध पुस्तकले नेपाली इतिहास लेखनमा नयाँ प्रकाश पारेको हुँदो हो । यति एउटा दृष्यन्तले पनि नेपाली इतिहास लेखनमा परेको खडेरी र नयराज पन्तको अभाव पलप्रतिपल खड्किरहेको छ । वाङदेल विरचित उक्त पुस्तक लेखकको मरणोपरान्त निजको सुपुत्री डिना वाङदेल शाक्यको सम्पादकत्वमा २०६२ मा प्रकाशमा आएबाट लिच्छवि इतिहासको कालावधि थोरै पछाडि धकेलिन गई यसको इतिहास अझ पुरानो सिद्ध भएको छ। सामान्यतया लिच्छवि इतिहासको प्रामाणिक अवधि राजा मान्देवको ई. ४६४ को चाँगुनारायणको शिलालेखलाई मान्ने गरिएकोमा अब वाङदेलको प्राप्तिले यो अवधि त्यो भन्दा २७९ वर्ष पुरानो हुन पुगेको छ किनभने राजा जय वर्माको प्राप्त उक्त मूर्ति ई. १८५ को पुष्टि भएको छ । नेपाली इतिहासमा यो निश्चय नै उल्लेख्य प्राप्ति हो । दुःखको कुरा हामीले यस खाले प्राप्तिहरू त्यसबाहेक हासिल गर्न सकिरहेको छैनौ । ज्यादातर अनुसन्धाताहरू राजनीतिक प्रकृतिका त्यसमा पनि हालैका विषयवस्तुहरूमा नै बढी केन्द्रीत हुने गरेबाट पनि इतिहासले यस खालका अनिकाल व्यहोर्नु परिरहेको स्थिति छ। कदाचित नयराजहरूकैजस्तो प्राचिन इतिहासको उत्खननकारी प्रवृत्तिमा हामो पिढी पनि प्रवृत्त रहन सकेको भए निश्चय नै आज यस्तो खडेरी व्यहोर्नु पर्ने थिएन । अपवाद स्वरूप संशोधन मण्डलको परम्पराबाट दीक्षित भएका पन्तकै पुत्रद्वय महेशराज र दिनेशराजहरू चाहिँ आफ्ना पिताले अंगालेको यस परम्पराबाट कति पनि विचलित नहुनु सिंगो देशका लागि अतिशय गौरवको कुरा भएको छ किनभने ज्ञानमणि नेपालजस्ता तेजस्वी विद्वान् पनि आज संशोधन–मण्डलको परम्पराबाट विमुख भई दैनिक पत्रपत्रिका र राजनीतिक ठर्राको रचनामा बिटुलिन आउनु ज्यादै विस्मयको विषय बन्न पुगेको छ ।

महेशराज-दिनेशराज पन्तहरूको अविरल समर्पण यात्रा

सबैलाई थाहा छ, नयराजकै जीवनकालका बाहिरी तथा भित्री विश्वासघातको कारण संशोधन–मण्डलको अभियान अवशान हुन पुग्यो । जोडजाड र चोरचार गरी ग्रन्थ खडा गरेर विद्वान् विदुषी पल्टिने यस देशमा संशोधन मण्डलले जुन प्रामाणिक र

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्ध इतिहास लेखनको परिपाटीका पक्षमा अभियान चलायो त्यसले उक्त नक्कली विद्वान्हरूको मार्गमा ठूलो व्यवधान तेर्सिन पुग्यो । त्यसैले तिनले विभिन्न प्रपंच र लोभलालच मार्फत मण्डलभित्र नै अन्तघातको स्थिति उत्पन्न गराई त्यसलाई तहस नहस गराउन तिनीहरू सर्वथा सफल हुन पुग्दा नै देशमा प्रार्दुभाव भएको अभूतपूर्व इतिहासप्रतिको अभिरुचि तथा प्रामाणिक इतिहास लेखनको परिपाटीले ठूलो धक्का व्यहोर्नु पऱ्यो । इमान्दार भएर भन्ने हो भने जुन प्रयास र हलचल संशोधन–मण्डलले ल्याउन सक्यो देशको इतिहास लेखन अभियानले त्यस्तो तीव्र कम्पन फेरि कहिल्यै पाउन सकेन । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले लैनसिंह वाङदेलजस्ता प्रतिभाहरूका कीर्ति मार्फत थोरै प्रयास गर्न खोजेको भए तापनि त्यसले फूलदायी निरन्तर पाउन सकेन । उता त्रिवि अन्तर्गतको नेपाल र एशियाली अनुसन्धान केन्द्रले पनि एक समय उल्लेख्य प्रयास गर्न खोजे पनि त्यसले पनि बाटैमा हावा खायो । र के नै सिद्ध भयो भने धनवज्र वज्राचार्य प्रभृतिले सिनास (CNAS) मा बसेर जुन प्रयास गरे त्यो त्यहींको शोधखोज भन्दा पनि संशोधन–मण्डलमा रहँदा उनले गरेका प्राप्तिलाई प्रकाश गर्ने काम मात्र त्यहाँ हुन सकेको थियो । त्यो त्रिविको उपलब्धि थिएन । तथापि लिच्छविकालका अभिलेख देखि मध्यकाल र शाहकालीन अभिलेख जस्ता जुन गहकिला कृतिहरू धनवज्रले यस देशका ऐतिहासिक भण्डारलाई दिएर जान सके त्यस्तो फेरि कहिल्यै हुन सकेन । वास्तवमा यो नेपाली इतिहास लेखनको यात्रामा अपूरणीय क्षति नै हो । जसले वैयक्तिक फाइदा र पदका लागि संशोधन–मण्डलको अभियान विरुद्ध अन्तर्घात गरे ती भोलिसम्ममा पनि ज्यादै ठूलो निन्दाको पात्रका रूपमा रहिरहने छन् ।

उक्त दुःखान्त नै यस्तो कारण हो जसले गर्दा संशोधन परम्पराका हालसम्म सक्रिय रहँदै आएका नयराज पन्तका पुत्रद्वय सर्वथा प्रशंसाका पात्र रहँदै आएका छन् । सकिनसकी उक्त अभियान जारी राख्ने, त्यसको इतिहास प्रधान त्रैमासिक पत्रिका पूर्णिमा जारी राख्ने र इतिहासको खोजीनीति र शुद्ध इतिहास लेखनको कारणमात्र तिनीहरू भण्डारलाई दिँदै आएका छन् त्यस निम्ति पनि तिनीहरू प्रशंसालायक पात्र बन्न पुगेका छन् । गत वर्ष मात्र दिनेशराज पन्तले "बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू" नामक निकै गहकिलो र त्यसअघि वेग्ला वेग्लै मितिमा राजिवलोचन जोशीका वराजु दामोदर जोशी, राजज्योतिषी लीलानाथ पाण्डेले तयार पारेको तिथ्यावली, संक्षिप्त वंशावली, विद्वच्छिरोमणी हेमराजको गोरखा सम्बन्धी अनुसन्धान, श्री ३ वीरशम्शेरको जीवनचरित्र, महामण्डलदेखि काँगडासम्मजस्ता अनुसन्धानमूलक कृतिहरू प्रकाशमा ल्याएर नेपाली इतिहासको भण्डारलाई निकै समृद्ध तुल्याउन सक्षम भएका छन् भने

CC-0. In Public Domain. Digitization by eGangotri

निजका दाजु महेशराज पन्तले पनि पूर्णिमाको १३४ औं अंक विशेषाङ्कको ठर्रामा शतसहसिका प्रज्ञा पारमिताबारेको गहन विश्लेषण जस्तो जटिल कार्य गरेर फेरि एकपटक संशोधन–मण्डलको शरीरमा ज्यान भने कार्य गरेका छन्। यो एउटा मात्र विशेषाङ्क प्रकाशमा ल्याउन र विश्लेषण गर्दा उनलाई पूरा १९ महिना लागेको थियो। यताबाट यिनले पूर्णिमालाई अझ ओजस्वी तथा सामग्रीयुक्त पार्दै जीवन्त राख्न सकेर आफ्नो पिताको सपना मर्न नदिने र आफ्नो अनुसन्धान अभियानलाई पनि जारी राखेर अनुसन्धानमा समर्पित मानिस कस्तो हुन्छ र हुनुपर्छ भन्ने तथ्यको एउटा उदाहरण प्रस्तुत गर्न सकेको प्रष्टै देखिन्छ। आज पद, प्रतिष्ठा र पैसाको लागि मरिहत्ये गर्ने उपभोक्तावादी संस्कृतिको जगजगी भएको वेला श्री महेशराज पन्तले जेजति गर्दै आएका छन् वास्तवमा त्यसको जति नै प्रशंसा गरे पनि थोरै नै हुनेछ।

अन्य प्रयासहरू

वि.सं. २०१० को दशकमा संशोधन–मण्डलले इतिहास लेखनको क्षेत्रमा जुन धमाका र तरंग मच्चाउन सक्यो त्यस्तो नेपाली इतिहासको लेखनयात्रामा आजसम्म अनुभूत गर्न पाएन। प्रज्ञा प्रतिष्ठान र सिनास जस्ता संस्थाले यसैको ठर्रामा केही प्रयास अवश्य पनि गरेका हुन तर त्यसको समकक्षमा पुग्ने कुरा तिनको हातको विषय थिएन। उता तिनले जे जति गरे त्यो मूलतः परियोजना र पदोन्नतिमुखी भएको कारण पनि तिनका प्रयासको गरिमा संशोधकहरू सरहको हुने गुञ्जायस थिएन। संशोधकहरूले त झोलामा चिउरा र पैदल हिँडेर गोदावरी र थानकोट अनि गोकर्ण र पाटन क्षेत्रको वरपरबाट कडा मेहनत त्यसवखत गर्न सकेका थिए। त्यसको पुनरावृत्ति कदापि संभव थिएन। तथापि लैनसिंह वाङदेल, चित्तरञ्जन नेपाली, साफल्य अमात्य प्रभृतिले त्रिवि बाहिर जे जति प्रयास गरेका हुन पुरानो पिंढीका बाबुराम आचार्य, तोत्रराज पाण्डे, बालचन्द्र शर्मा, ढुण्डिराज भण्डारी आदिका पदचिन्ह पछ्याउनमा त्यसको भूमिकालाई अवश्य पनि अवमूल्यन गर्न सकिने छैन तर प्रस्तुत लेखन नयराज पन्तको निधन पछिको सेरोफेरोमा सीमित रहेको कारण त्यसतर्फ थप चर्चा गर्ने अनुमति हामीलाई प्राप्त छैन। तथापि भविष्यमा यस विषयले पनि यथोचित चित्रित हुने अवसर पाउने नै छ।

उता संशोधन अभियान भन्दा बाहिरकै शैली र प्रविधिमा नै किन नहोस् नवोदित इतिहासकारहरूमा राजाराम सुवेदी, विजय मानन्धर, दिलबहादुर क्षत्री, शंकर थापा, भवेश्वर पंगेनी प्रभृत्तिले पनि नेपाली इतिहास लेखनका यथोचित योगदान गरेकै मान्नु पर्ने छ। जसले गर्दा कुनै न कुनै ढंगले हाम्रो इतिहास लेखनको यात्रा मात्र अघि

CC-0. In Public Domain. Digitization by eGangotri

बढिरहेको छैन सँगसँगै देशको राजनीति, विदेशनीति र अर्थनीतिजस्ता विषयमा झैं इतिहास लेखनमा समेत हालि मुहाली गरेर बसेको विदेशी हैकमलाई पनि यसले उल्लेख्य मात्रामा प्रतिरोध गरेको छ । निश्चय नै यसले प्राप्तस्मणीय पण्डित नयराज पन्तको आत्मालाई पनि यथोचित शान्ति प्रदान गरेको होला किनभने उनले लेखन वा अभियानको अर्को एउटा ध्येय पनि देशको इतिहास स्वदेशी विद्वान्ले नै लेखून् भन्ने पनि रहेकै थियो ।

उपसंहार

नेपाली इतिहास मूलतः विदेशीहरूकै हातबाट लेखियो । २००७ को दशकबाट नेपाली लेखकहरू पनि यस क्षेत्रमा प्रवेश गर्न थाले । हुन त रामजी उपाध्याय, तोत्रराज पाण्डे र नयराज पन्त आदिले २००४ सालबाट नै देशको इतिहास लेख्ने क्रम थालनी नगरेका होइनन् तथापि तिनको लेखनको आधार पनि मूलतः विदेशी इतिहासकारहरू नै रहनु पर्ने बाध्यतात्मक अवस्थामा इतिहासका ती पुस्तकहरूमा प्रशस्त कमी कमजोरी हुनु स्वाभाविकै हुन्थ्यो । यस्तोमा नेपाली इतिहासको शुद्धिकरणका लागि एउटा ठूलो धर्मयुद्ध चलाउनु अत्यावश्यक थियो । नयराज पन्तले यति काम गर्ने उद्योग गरेका हुन् । बाबुराम आचार्य, बालचन्द्र शर्मा, सूर्यविक्रम ज्ञवालीहरूले देश वा विदेशसमेतबाट पनि नेपाली इतिहास लेखनमा जे जो प्रयाश गरे त्यो वेकारको कार्य थियो भन्ने यिनको मनशाय थिएन तर यसो भन्दैमा त्यहाँभित्रका कमी कमजोरी र अशुद्धिहरूबारे बोल्नै हुन्न भन्ने पनि थिएन । त्यसैले यसै मान्यतालाई समातेर नयराजले संशोधन अभियानबाट विचलित नभई आफ्नो अभियान अघि बढाए ।

दुःखको कुरो वर्षौंको सामन्ती संस्कार, चरम गरीवी र अभाव आदिले गर्दा नेपालीले ज्ञान विज्ञानलाई पनि वृत्ति र तरक्कीको माध्यम बनाएपछि आज स्वयं जस्तो हाम्रो देश नर्क जस्तो हुनेछ । जुन देशमा योग्यता क्रममा प्रणाली मानिदैन त्यो देशको यो बोदा अर्को दशा हुने कुरा पनि आउँदैन । यही कारण हो अहिले पनि हाम्रो देशलाई नयराजकै जस्तो प्रतिबद्ध र अकेला चलेका प्रवृत्ति त्यतिकै आवश्यक छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कवि नयराज पन्तका संस्कृत कविताहरूको साहित्यिक वैशिष्ट्य

- प्रा.डा. टीकाराम अधिकारी
अध्यक्ष, साहित्यिक शिक्षण विभाग
वाल्मीकि विद्यापीठ

१. आमुख

वि.सं. १९७० श्रावणदेखि वि.सं २०५९ कार्तिकसम्म ९० वर्षको दीर्घायुसम्म आनुवंशिक विद्यासंस्कार र अधीति, बोध, आचरण र प्रचारणनामका ४ चरणहरू पार गर्दै पूर्वीय वाङ्मयको विद्याभ्यासद्वारा नेपाल भूमिको सेवा गर्ने यौटा सरस्वतीका कृपाभाजन ज्योतिर्विज्ञ, इतिहासकार, कवि तथा प्राध्यापक नयराज पन्तलाई नेपालको विद्वत्परम्परामा स्थापित स्तम्भको रूपमा सम्मानका दृष्टिले हेरिन्छ । प्रसिद्ध वैयाकरण पण्डित कृष्णदत्त पन्तका पुत्ररत्न र काशीका ख्यातनामा विद्वान् पद्माकर द्विवेदीका शिष्यरत्नको रूपमा विद्याभ्यास सम्पन्न प्राध्यापक पन्तको सर्वाङ्गीण जीवनचर्या पूर्वीय वाङ्मय र पुरातत्त्वको चिन्तन, मनन र आत्मप्रसादमा नै गुज्रिएको पाइन्छ । पूर्वीय गुरुकुलपरम्परालाई संस्थागत गर्दै सुयोग्य उत्तराधिकारीहरूको अपेक्षा गर्ने गुरुवर पन्तका असंख्य शिष्यसमुदायसँग अनुशिक्षित सुपुत्रद्वय महेशराज पन्त र दिनेशराज पन्तको आनुवंशिक विद्याभ्यास र जीवनचर्या पनि उहाँका अविरल विद्यासाधनाको यौटा सफल प्रस्फुटन हो भन्नु अत्युक्ति नहोला । 'संशोधनमण्डल' नामले स्वायत्त इकाईबाट शुरू भएर पनि वाङ्मयको अनुसन्धान र सुधारका अभियानको अभिभारा बोकेका "पूर्णिमा (त्रैमासिक)"का लगभग डेढसय पूर्णाङ्कहरूका दीर्घयात्राले यस 'संशोधनमण्डल'को पवित्र उद्देश्यपूर्ति भएबाट नै यसका संस्थापक गुरुवरको विद्याभ्यास र अथक मनोयोगको निरन्तरता प्रमाणित हुन्छ । यसका साथसाथै उहाँका प्रकाशित कृतिहरू र तिनीहरूका विभिन्न विषय व्यवस्थापन र शास्त्रीय चर्चाहरूद्वारा पनि गुरुवर पन्तको अथक विद्यासाधना राष्ट्रभक्तिको स्वरूप आकलित हुन्छ । यसैले लगभग ३ दशकसम्म दृष्टिगोचर बन्नुभएका सारस्वतपुत्र गुरुवर पन्त यस पङ्क्तिकारका समेत आराध्य र आस्थाकेन्द्र रहनुभएको थियो । पङ्क्तिकारका साहित्यिक दृष्टिमा यौटा कविको रूपमा आस्थाकेन्द्र मानिनुभएका

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुवर पन्तप्रति श्रुतिपरम्पराबाट पनि त्यस अघिदेखि सँगालिएका भावात्मक अनुभूतिहरू देख्दादेख्दै आज अश्रुपूर्ण श्रद्धाञ्जलिसुमन बन्न बाध्य भएका छन् । नेपाली भाषाका पद्यमय रचनाहरूमा मात्र होइन अपितु संस्कृतवाङ्मयमा आबद्ध विभिन्न कवितावलीहरूमा समेत दृष्टि घुमाएर विचार गर्दा गुरुवरका बहुमुखी प्रतिभाको आकलन नै नभएझैँ लाग्छ । पुरातत्त्व, ज्यौतिष, नीतिशास्त्र, अर्थशास्त्र, व्याकरणशास्त्र जस्ता अत्यन्त महत्त्वपूर्ण र अभ्याससाध्य विषयहरूको चिन्तन-मननलाई पनि लोकग्राह्य र शिष्यसंप्रेषणीय बनाउन नेपाली पद्य र संस्कृतपद्यहरूको सहारा लिएर साहित्यिक रचनाक्षमता समेत प्रकट भएबाट नै विशेषरूपमा आकृष्ट भएको पङ्क्तिकारलाई गुरुवरबाट पनि केही सुझाव प्राप्त भएको अनुभव छ । आज उहाँका केही संस्कृत कविताहरूको अध्ययन गर्ने क्रममा विभिन्न साहित्यिक र ऐतिहासिक मुखपत्रहरूमा छरिएका फुटकर कविताहरूप्रति उत्पन्न जिज्ञासालाई श्रद्धाञ्जलिस्वरूप प्रस्तुत गर्ने जमर्को गरिएकोछ । गुरुवरको शतवार्षिकीको प्रस्तुत समय सन्दर्भ पनि यही जिज्ञासापूर्ण शब्दसन्दोहबाट सफल बनाउने अपेक्षा राख्छु ।

मुख्यत: गुरुवरको कवित्वप्रवाह "श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या (वि.सं. २०४०)" मा बगेको देखिन्छ । तर पनि वि.सं. १९९१ माघमा "काशी गवर्नमेण्ट संस्कृत कालेज (बनारस)"बाट प्रकाशित "अमरभारती (वर्ष १ अङ्क ३)" देखिको २१ वर्षको कलिलो उमेरमा नै संस्कृत कविताहरूको परिष्कृत स्वरूप देखापरेको पाइन्छ । "जयतु संस्कृतम्" र "संस्कृतसन्देश" मुखपत्रदेखि "पूर्णिमा" (पूर्णाङ्क १०४, १०५, १०६ र १०७)सम्म आइपुग्दा देखापरेका विभिन्न छन्दका संस्कृतकविताहरूले उहाँको संस्कृत काव्यक्षमताको पूर्णपरिचय दृष्टिगोचर हुन्छ । यसरी छरिएका केही संस्कृतकविताहरूको संक्षिप्त परिचय प्रदान गर्नु पनि यस शताब्दीसन्दर्भको महत्त्वपूर्ण यात्रा मानिनेछ । यहाँ गुरुवरको साहित्यसन्दर्भ र प्रकाशित संस्कृतकविताहरूको संक्षिप्त परिचय पनि प्रस्तुत गरिन्छ ।

२. साहित्यसन्दर्भ

पूर्वीय वाङ्मयको प्रस्तुतिमाध्यम बनेको साहित्यपदार्थले प्रत्येक विषयका विद्वान्हरूको हृदयहरण गर्न सक्ने कुरामा दुइ मत रहदैन । पूर्वीय संस्कृतवाङ्मयका धर्मशास्त्र, तन्त्र, पुराण, ज्यौतिष आदि सम्पूर्ण शास्त्रीय प्रपञ्चहरू, साहित्यिक सरणीको माध्यमबाट विकसित भएबाट नै पुरातत्त्व र ज्यौतिषशास्त्रमा धुरन्धर गुरुवर पन्तको आकर्षण साहित्यशास्त्रको अध्ययन र चिन्तन मननहरूमा भएको पाइएको छ । स्वयं पङ्क्तिकारको अनुभवसँगै प्रा.डा. साम्बराज आचार्यले "नयराजपन्तश्रद्धाञ्जलि (वि.सं.

CC-0. In Public Domain. Digitization by eGangotri

२०५९ पौष)"मा उल्लेख गरे अनुसार विशिष्ट साहित्यिक वैशिष्ट्य सम्पन्न कविवर पन्तको साहित्यिक यात्रा बनारसको ज्यौतिषशास्त्रीय अध्ययनकालदेखि नै शुरू भएको बुझिन्छ । "अध्ययन-अध्यापन श्रीगुरु नयराज पन्तज्यूको लगनशीलता" शीर्षकमा प्रा.डा. साम्बराज आचार्यले उल्लेख गरेअनुसार काशीमा रहँदा साहित्यमहारथी नारायण शास्त्री खिस्तेको सम्पर्कमा रहेर साहित्यको अनुभव सँगाल्नुभएका कविवर पन्तले ग्रीष्मावकाशमा नेपाल फर्किँदा पण्डितराज सोमनाथ सिग्द्यालयबाट मुद्राराक्षस, मृच्छकटिक, मालविकाग्निमित्र, उत्तररामचरित, कादम्बरी, नैषध, साहित्यदर्पण आदि साहित्यिक ग्रन्थहरूको अध्ययन गर्नुभएको थियो । वि.सं. १९९७ देखि २७।२८ वर्षको उमेरमा रानीपोखरी संस्कृत पाठशालामा पढाउन थाल्नुभएका गुरुवरको अनुभवले पनि साहित्यिक रचनाक्षेत्रमा अगाडि बढ्ने प्रेरणा दिएको देखिन्छ । वि.सं. २००८ देखि उहाँ "राजकीय संस्कृतमहाविद्यालय"मा प्रवेश गरेको कुरा छर्लङ्ग छ ।

३. काव्यरचना प्रकृति

ज्योतिर्विज्ञ तथा आख्यानकार गुरुवरका संस्कृतकविताहरू नेपालको इतिहास, राजनीति, समाज, धर्म, संस्कृति, साहित्य, शासन व्यवस्थाका साथसाथै सामाजिक विसङ्गति र पारिवारिक सुख-दुःख आदि विभिन्न विषयहरूमा आबद्ध देखिन्छन् । ती रचनाहरू पनि केही जीवनकालमा र केही शिवसायुज्यपश्चात् प्रकाशित भएका छन् । कति रचनाहरू अझै प्रकाशोन्मुख अवस्थामा पनि छन् । सुपुत्र महेशराज पन्तका अनुसार "हृदयदोहः" नामक सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा छ । "पूर्णिमा (पूर्णाङ्क १०६)" अनुसार गुरुवरका विभिन्न मुखपत्रहरूमा प्रकाशित भएका लेखहरूको संख्या ४५६ देखिन्छ । त्यसरी नै "पूर्णिमा (पूर्णाङ्क १०४)" अनुसार उहाँका पुस्तकाकार कृतिहरूको संख्या २१ देखिएको छ । ती कृतिहरूमा "श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत पद्यमयी व्याख्या (वि.सं. २०४०)" संस्कृतकवितामय देखिन्छ र यसको श्लोकसंख्या ३६६ छ । यसको नेपाली पद्यमयी व्याख्याको श्लोकसंख्या ३७१ देखिन्छ र दुवै भाषाका पद्यहरूको विषयवस्तु "दिव्य उपदेश"को व्याख्यामा नै सीमित छ । उहाँका फुटकर संस्कृत कविताहरूका कुनै शीर्षक भने बढीमा १०० श्लोकसंख्यामा सीमित छन् । विभिन्न छन्द, अलङ्कार, रस आदिमा मर्यादाबद्ध ती फुटकर कविताहरू केही नेपालको आख्यानमा र केही सामाजिक विसङ्गति र सुख-दुःख आदिसँग आबद्ध छन् । सुधारवादी दृष्टि सम्पन्न कविवर पन्तका केही कविताहरू नेपालको सामाजिक नेतृत्वको आलेचनामा बाँधिएका छन् । मुख्यतः आख्यानकार गुरुवरको कवि व्यक्तित्व त्यसैको परिवेशमा गुनगुनाएको पाइन्छ । आख्यानजस्तो शुष्क विषयवस्तुलाई कवितामा

CC-0. In Public Domain. Digitization by eGangotri

ढालेर र काव्यशास्त्रीय मर्यादा संरक्षण गरेर प्रस्तुत गर्नु नै गुरुवर पन्तको विशेषता हो । यसरी दुवै भाषामा समान रूपमा लेखनी प्रवाहित गरी गरिएको भाषासेवाबाट असंख्य उत्तराधिकारी लाभान्वित हुँदै गएको कुरा छर्लङ्ग छ ।

विद्वान्हरूले जति सुधारवादी दृष्टिकोण अगाडि राखे पनि नेपाल राष्ट्रको निर्माणमा वरण गरिएको नेतृवर्ग सधैँभरि अक्षम भएर जानुमा खेद व्यक्त गर्दै लेखिएका कविवर पन्तका कविताहरू अत्यन्त सामयिक छन् । मानिस यतिसम्म स्वार्थी हुन्छ कि उ दरिद्र अवस्थामा नैतिकताको ख्याल गर्छ तर धनाढ्य हुनासाथ आफन्तहरूलाई पनि नचिनेझैँ गर्छ, त्यस प्रकारको नेतृवर्गबाट राष्ट्रले आशा गर्नु पनि व्यर्थ छ भन्ने आशयहरू व्यक्त गर्दै रचना गरिएका निम्नाङ्कित पद्यहरू निकै घतलाग्दा छन्–

दरिद्राणां सख्यं लषति मनुजो दीनविभवः
स तेन व्याजेन प्रथितमपि स्वं नाम कुरुते ।
करे काञ्चित् स्वल्पामपि च विभुतां प्राप्य स जनो
मदेनोन्मत्तः स्वां स्मरति नहि पूर्वां गिरमपि ।।

थोरै सम्पत्ति पनि नभएको व्यक्ति (सर्वप्रथम) गरीबहरूसँग मित्रता गर्न चाहन्छ र त्यही निहुँमा उसले आफ्नो नाम प्रख्यात गराउँछ तर त्यही व्यक्ति आफ्नो हातमा सानै अधिकार प्राप्त गरेपछि मदमत्त भएर आफ्नो सम्पूर्ण बोली बिर्सिन्छ ।

(प्रजातन्त्रारम्भस्येतिहासः, रचना वि.सं. २००८ श्रावण, प्रकाशन–पूर्णिमा, पूर्णाङ्क १०५, २०६०)

स्वैः कृत्रिमैः प्रवचनैर्मनुजान् विमोह्य
किञ्चित् पदं वशगतं प्रविधातुकामाः ।
स्वां संविदञ्च परिपूरयितुं नशक्ता
नेतृब्रुवाः किमिह लोकहितं विदध्युः ।।

आफ्ना देखावटी भाषणहरूद्वारा मानिसहरूलाई मोहित पार्दै आफ्नै अधिकारमा रहेको पद मात्र सिद्ध गर्न चाहने र आफ्नो विवेकलाई पूर्ण गर्न असमर्थ नेता भनाउँदाहरूले के लोककल्याण गर्लान् ?

(नेतृब्रुवाः किमिह लोकहितं विदध्युः, पूर्णिमा, पूर्णाङ्क १०४, वि.सं. २०६०)

४. फुटकर संस्कृत कविता विवरण

कविवर पन्तका फुटकर संस्कृत कविताहरू अमरभारती, संस्कृतसन्देश, जयतु संस्कृतम्, पूर्णिमा आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइएका छन् । ती कविताहरू

CC-0. In Public Domain. Digitization by eGangotri

केही जीवनकालमा र केही शिवसायुज्यपश्चात् प्रकाशित भएका देखिन्छन् । जीवनकालमा प्रकाशित कविताहरू यस प्रकार छन् ।

१. दुष्ट हेमन्त ! मन्तुर्न ते (अमरभारती, वर्ष १, अङ्क ३, वि.सं. १९९१, बनारस, भारत)
२. राज्ञा रणबहादुरेण मान्त्रिणं दामोदराय प्रहितं पत्रम् (संस्कृत सन्देश, वर्ष १, अङ्क ५, वि.सं. २०१०, काठमाडौँ)
३. मारजित् (जयतु संस्कृतम्, वर्ष १ अङ्क १, वि.सं. २०१७ काठमाडौं)
४. मम सखायः (जयतु संस्कृतम्, वर्ष १, अङ्क ३, वि.सं. २०१७ काठमाडौं)
५. भीमसेनथापा आत्महत्याया हेतुः (जयतु संस्कृतम्, वर्ष १, अङ्क ५, वि.सं. २०१७, काठमाडौं)
६. वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः (जयतु संस्कृतम्, वर्ष १, अङ्क ६, वि.सं. २०१७, काठमाडौं)
७. जङ्गबहादुरस्याऽभ्युत्थानम् (जयतु संस्कृतम्, वर्ष १, अङ्क ८, वि.सं. २०१८, काठमाडौं)
८. जीर्णा भाषा ऽप्यजस्रं भजति गतिमहो प्रौढताशालिनीव (जयतु संस्कृतम्, वर्ष २, अङ्क ४-५, वि.सं. २०१८, काठमाडौं)
९. मर्त्यस्य स्वगतिं गतस्य कुरुता मर्त्यः स्वयं किन्नु वा (जयतु संस्कृतम्, वर्ष ३, अङ्क १-२, वि.सं. २०१९, काठमाडौं)
१०. पशुपते ! (जयतु संस्कृतम्, वर्ष ३, अङ्क ३, वि.सं. २०१९, काठमाडौं)
११. व्याकरणोपयोगो ऽनुपयोगश्च (जयतु संस्कृतम्, वर्ष ३, अङ्क १०, वि.सं. २०१९, काठमाडौं)

यी कवि नयराज पन्तको जीवनकालमा छापिएका मुख्य मुख्य फुटकर संस्कृत कविताहरू हुन् । यी संस्कृतकविताहरूसँग केही संस्कृत निबन्धहरू पनि पूर्वोक्त पत्रिकाहरूमा छापिएका भेटिन्छन् । ती निबन्धहरूमा "समुद्रगुप्तस्येतिहासः (जयतु संस्कृतम्, वर्ष २, अङ्क २, वि.सं. २०१८, काठमाडौं)", "त्रिस्कन्धं ज्यौतिषशास्त्रम् (जयतु संस्कृतम्, वर्ष २, अंक ३, वि.सं. २०१८, काठमाडौं)" आदि मुख्य मानिन्छन् ।

कविका केही फुटकर संस्कृतकविताहरू शिवसायुज्यपछि "पूर्णिमा (पूर्णाङ्क १०४, वि.सं. २०६०)", "पूर्णिमा (पूर्णाङ्क १०५, वि.सं. २०६०)" र "पूर्णिमा (पूर्णाङ्क

CC-0. In Public Domain. Digitization by eGangotri

१०७, २०६०)" मा "स्वर्गवासी नयराज पन्तका केही अप्रकाशित कृति" शीर्षकमा छापिएको देखिन्छ । त्यस प्रकारका संस्कृतकविताहरूमा मुख्य मुख्य यस प्रकार छन्–

१. श्रुते (पूर्णिमा, पूर्णाङ्क १०४, वि.सं. २०६०, काठमाडौं)
२. पाणिने (पूर्णिमा, ऐजन)
३. किं लभेय (पूर्णिमा, ऐजन)
४. दयालुः कथं मौनं भजेत (पूर्णिमा, ऐजन)
५. श्वसितमपि मदीयं भावना सा निधत्ते (पूर्णिमा, ऐजन)
६. प्राचीना भारतीया विद्वांसः (पूर्णिमा, ऐजन)
७. भविष्यन्ती नेपालदशा (पूर्णिमा, ऐजन)
८. नेतृब्रुवाः किमिह लोकहितं विदध्युः (पूर्णिमा, ऐजन)
९. विद्याऽधुना सांशयिकान् प्रसूते (पूर्णिमा, ऐजन)
१०. अर्थः (पूर्णिमा, ऐजन)
११. वर्णव्यवस्था (पूर्णिमा, ऐजन)
१२. विद्या विलीयते (पूर्णिमा, ऐजन)
१३. पल्लवग्राहि पाण्डित्यम् (पूर्णिमा, ऐजन)
१४. भैक्षाचरणस्य विनाशादुपगतं फलम् (पूर्णिमा, ऐजन)
१५. किं न कुर्याज्जनो ऽयम् (पूर्णिमा, ऐजन)
१६. प्रजातन्त्रारम्भस्येतिहासः (पूर्णिमा, वर्ष २७, अङ्क १, ऐजन)
१७. नेपालराजधान्यां बौद्धानां समागमः (पूर्णिमा, ऐजन)

यसरी शिवसायुज्यपछि "पूर्णिमा (पूर्णाङ्क १०४, पूर्णाङ्क १०५, पूर्णाङ्क १०७)" मा छापिएका यी कविताहरूको रचनाकाल वि.सं. २००७ र वि.सं २००८ देखिन्छ । यस प्रकारका अप्रकाशित बाँकी रचनाहरू पनि अरू पूर्णिमा (इतिहासप्रधान त्रैमासिक)"मा छापिने कुरा "पूर्णिमा (पूर्णाङ्क १०५)" ले जनाएको देखिन्छ । यसरी इतिहासकार पन्तको लेखनी संस्कृतकविताहरूमा पनि प्रवाहशील बनेको पाइन्छ ।

५. काव्यविषयवैशिष्ट्य

यो कुरा भनिएको छ कि कवि नयराज पन्तको मुख्य विषय विशेषत पूर्वीय वाङ्मय अन्तर्गत ज्योतिर्विज्ञान र पुरातत्त्वसम्बन्धी अनुसन्धान नै हो र यस प्रकारको शास्त्रीय अनुसन्धानसँगै कविव्यक्तित्व पनि प्रवाहशील बनेको छ । मुख्यतः प्राध्यापक

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तका संस्कृतकाव्यकविताहरू पनि शास्त्रीय प्रमाणहरूका आधारमा रचिएका देखिन्छन् र ती काव्यकविताहरू विशेषरूपमा वस्तुप्रधान छन् । ती काव्यकविताहरूका प्रत्येक शब्द वा वाक्यहरूमा शास्त्रीयतासम्बन्धी टिप्पणी दिइएको हुन्छ र पाठकहरूलाई यो कुरा स्पष्ट हुन्छ कि कुन कविता कुन आधारमा रचना गरिएको छ । वास्तवमा कविता केवल कल्पनाको विषय होइन र यो शास्त्रको शुष्क विषय मात्र पनि होइन । कविता साहित्यिक सरणीका कारण सहृदयहृदयहारी वा हृदयसंप्रेषणीय बनाएर पाठकहरूका हृदयकन्दरामा आधान गरिने शास्त्रीय भाव वा संस्कार विशेष हो र यो कान्तासम्मितशैलीका कारण प्रेमवश अनुभूतिका रूपमा हृदयपरिवर्तन गर्न सक्षम हुन्छ । यसैले शुष्कभन्दा पनि शुष्क शास्त्रीय तत्त्वहरू वा दार्शनिक प्रयोगहरू पनि साहित्यिक शब्दार्थसन्दर्भको स्पर्श पाएर लोकग्राह्य र हृदयसंवेद्य बन्न जान्छन् ।

इतिहास र शास्त्रीय गाम्भीर्यलाई अनुभूतिमय प्रतिभासञ्चारमा परिवर्तन गरिँदाको आस्वाद कस्तो होला ? यो आस्वाद पाइन्छ कवितामय श्री पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या (वि.सं. २०४०)मा । राजा पृथ्वीनारायण शाहले आफ्नो संघर्षमय जीवनचर्याबाट अनुभव गरेका राज्य संगठन, राज्य सञ्चालन र परराष्ट्रनीति सम्बन्धी गहकिला उपदेशहरूलाई धर्मशास्त्र र नीतिशास्त्रहरूको आधारमा गरिएका व्याख्यालाई संस्कृत भाषा र नेपाली भाषा दुवैमा आस्वाद गराउने यो कृति नेपालको इतिहास र साहित्य दुवै क्षेत्रमा सम्मान्य छ तर पनि नेपाली साहित्यको ऐतिहासिक धारलाई छुट्टै स्थापित नगर्दा यो कवितामय ऐतिहासिक शैलीको परम्परालाई समालोचकीय दृष्टिले हेरिएको पाइन्न ।

विशालकाय 'महाभारत' यौटा इतिहासप्रधान आकरग्रन्थ हो र यसको आस्वाद हृदयस्पर्शी छ र यसले विश्वसाहित्यको विकासमा भूमिकाको काम गरेको छ । त्यसरी नै 'रामायण'को लोकप्रियता काव्यात्मक रूपमा दोब्बर छ र यसको कारण पनि तत्कालीन समाज र सभ्यताका आदर्शको सर्वोच्चता नै हो । यसरी पुरातत्त्वसम्बन्धी विषयवस्तुको आधारशिलामा काव्यसाहित्यका पुष्पवाटिकाहरू झ्याँगिन्छन् र पाठकहरूका असमञ्जस मनोवृत्तिहरूमा दिव्यताधान गर्ने काम गर्दछन् । यस्तै साहित्यिक सरणीको धर्महरूको निर्वाह गरेका छन् कवि तथा प्राध्यापक नयराज पन्तका संस्कृतकाव्य र कविताहरूले–

म्लेच्छैरुद्वीज्यमाना न भवतु धरणी हिन्दवः कर्मठाः स्यु-
रित्याकारां स्वचिन्तां सफलयितुमना दीर्घकालानुवृत्तम् ।
आत्मीयानां प्रजानां हृदयविलसितं राजधर्मं विधित्सुः
पृथ्वीनारायणेशो गिरमिति मनुजानन्तिमां स्वानुवाच ।।

CC-0. In Public Domain. Digitization by eGangotri

म्लेच्छहरूद्वारा पृथिवी पीडित नबनून् र हिन्दुहरू कर्मठ बनून्, भन्ने यस प्रकारको धेरै समयदेखि दोहोरिएको चिन्तालाई सफल बनाउन चाहने श्री ५ पृथ्वीनारायण राजाले आफ्ना प्रजाहरूका हृदयमा सुशोभित राजधर्म बुझ्न खोज्दै आफन्त मानिसहरूको यो अन्तिम उपदेश भने ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत पद्यमयी व्याख्या, ३६३)

लामा लामा गृहकलहका चोटले टुक्रिएका
नेपाली हून् अब त दरिलो एकतामा मिलेका ।
हामी हिन्दू अब नपिटिऔँ म्लेच्छका मारबाट
नेपालीको जय भइरहोस् विश्वमा सर्वकाल ।।

यो चिन्ता ली निज मुलुक होस् नीति जान्ने भनेर
डाकी आफ्ना जनकन बडो धीरताले गुनेर ।
भन्दै आफ्ना सब मनकथा नीतिको तत्त्व खोली
पृथ्वीनारायण अनि सुते दीर्घनिद्रा अँगाली ।।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको नेपाली पद्यमयी व्याख्या, ३६९-३७०)

यसरी ठूलो दुःखले आर्जन गरेको मुलुकको चिन्ता लिँदै र आफन्तहरूलाई "दिव्य उपदेश" को नामबाट उपदेश दिँदै देहत्याग गर्ने श्री ५ पृथ्वीनारायण शाहका संघर्षमय जीवन वृत्तान्तलाई शास्त्रीय ढङ्गले व्याख्या गरेर काव्य साहित्यको आस्वाद प्रस्तुत गर्ने विद्वान् नयराज पन्तका फुटकर कविताहरू पनि प्रायः इतिहास प्रधान नै छन् । उहाँका केही फुटकर संस्कृत कविताहरू नेपालको सामाजिक विकृतिलाई हटाएर वर्णाश्रम धर्मको व्यवस्था गर्नुपर्ने शास्त्रीय मर्यादा स्थापनामा जोड पुऱ्याउने खालका छन् । "भविष्यन्ती नेपालदशा (पूर्णिमा १०४, वि.सं. २०६०)", "विद्याऽधुना सांशयिकान् प्रसूते (पूर्णिमा, ऐजन)", "वर्णव्यवस्था (पूर्णिमा, ऐजन)" जस्ता कविताहरू सामाजिक विकृतिहरूको निराकरण प्रयासमा गतिशील छन् । केही कविताहरू ऐतिहासिक पत्रपत्रांशहरूको संस्कृत रूपान्तरमा पद्यबद्ध गरिएका छन् । मूल रूपमा इतिहास विषय प्रधान भए पनि केही कविताहरू शोकप्रवाहमा डुबेका छन् । आफ्नी धर्मपत्नीको वियोगमा धाराप्रवाह लेखिएका कविताको मर्म अत्यन्त करुण छ–

भावज्ञा सरसा हितं विदधती चेतोहराङ्गी प्रिया
हित्वा मामपुनर्निवृत्तिसरणौ पादं स्वकीयं न्यधात् ।
स्मृत्वेदं सहसोद्भ्रमन् हृदि हतः खिन्नोऽपि सर्वं सहे
मर्त्यस्य स्वगतिं गतस्य कुरुतां मर्त्यः स्वयं किन्नु वा ? ।।

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भावना बुझ्ने, तुरुन्त हित गर्ने, सुन्दर अङ्गहरू भएकी ती प्रियतमाले मलाई छाडेर कहिल्यै पनि नफर्किने बाटोमा आफ्नो खुट्टा राखिन्। यो सबै सम्झेर चित्त कुडिएको, छटपटाएको र खिन्न बनेको मैले सबै सहेको छु किनकि आफ्नो बाटो लाग्ने मानिसका विषयमा मानिसले नै स्वयं के पो गरोस् ?

(मर्त्यस्य स्वगतिं गतस्य कुरुतां मर्त्यः स्वयं किन्नु वा, ३३)

यस प्रकार विभिन्न विषयहरूमा आबद्ध संस्कृतकविताहरूमा ऐतिहासिक विषय प्रमुख छन् र तिनीहरूले छन्द, भाषा र प्रसादजन्य अर्थव्यक्तिको मर्यादा राख्दै भावजन्य स्वारस्यको अभिव्यञ्जना पनि गरेका छन् । यहाँ केही शब्दार्थजन्य साहित्यको दिग्दर्शन गरिन्छ ।

६. काव्य साहित्यवैशिष्ट्य

कविकर्म काव्य हो र यसमा पाइने शब्दार्थजन्य चमत्कार विशेष नै "साहित्य" हो । साहित्य पदार्थले मानवीय हृदयस्पन्द गराउँछ र पाशविक प्रवृत्तिहरूमा दिव्याता सञ्चार गराउँछ । यसैले नै कविहरू शब्दार्थ दोहनकर्ममा प्रवृत्त हुन्छन् र राज्य शासनको आनन्दलाई तुच्छ मान्छन् (सुकविता यद्यस्ति राज्येन किम्) । प्रायः वाङ्मयसेवकहरू सारस्वत अक्षयधाममा रमाउने हुँदा कविता वा काव्य सन्दोहनमा नै रमाउँछन् । विभिन्न दर्शनहरूको अध्ययनपश्चात् हृदयस्पन्दबाट रसात्मकरूपमा साहित्यसारको जन्म हुन्छ र आस्वादकर्ताको अतृप्त मनोवृत्तिमा हृदयाह्लाद वा समरसताको जन्म हुन्छ । अनि भावक व्यक्ति गुनगुनाउन शुरू गर्छ । चाहे ईश्वरीय भक्तिभावमा डुबेर होस् वा सारस्वत अक्षर धाममा प्रवेश गरेर होस्, त्यस भावकको समाहितिमा अकस्मात् साहित्यस्फुरण हुन थाल्छ । यही फलस्वरूप समाहित मनस्थितिमा कविवर नयराज पन्तको वैज्ञानिक हृदयक्षितिजमा विभिन्न काव्य साहित्यस्पन्दले निरन्तरता पाएको हो ।

काव्यसाहित्यका आफ्नै धर्म हुन्छन्- शब्दार्थ निश्छलता, वाक्यार्थजन्य सुबोध्यता, प्रसिद्ध आख्यानशीलता, प्रकृतिको मानवीकरण, आलङ्कारिक उत्कर्ष सम्पन्न शब्दार्थजन्य रमणीयता र शिवप्राप्तिरूप प्रयोजन सिद्धि । कविवर पन्तका कविताहरूमा पाइने शब्दार्थजन्य निश्छलताभित्र पाइने पाठकीय आकर्षणशीलता नै मुख्य गुण हो र यसले कविविवक्षाविषयक अलङ्कारहरूको पनि जन्म गराएको छ । मुख्यतः आख्यान प्रधान उहाँका कविताहरूमा विचारशक्तिको प्रबल सम्भावना रहेको छ र आलङ्कारिक मोहले पदत्याग गरेको छ । आनन्दवर्धन भन्छन् कि अलङ्कारलाई अङ्गी बनाउँदा प्रसादजन्य र माधुर्यजन्य चमत्कारको अभाव हुन्छ र रसास्वादको कोटिमा आघात पर्छ पनि । यसैले कविवर पन्तका सरलभन्दा सरल रचनाहरूमा सर्वसाधारण पाठकवर्ग बढी निमग्न बन्न सक्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

गौराङ्गीलाई कस्तूरीको कालो टीका र श्यामाङ्गीलाई श्रीखण्डको सेतो टीका सुहाए झैँ पन्तका आख्यानप्रधान कविताहरूमा भएको विरल अलङ्कार प्रयोग पनि उत्कर्षाधावक देखिएको छ । त्यस प्रकारका अलङ्कारहरूमा उपमा, उत्प्रेक्षा, अतिशयोक्ति आदि देखिएका छन् । मुख्यतः जन्मभूमि, राजपरिवार, गुरु र देवदेवीहरूप्रतिको कविनिष्ठ रति नै अलङ्कारचमत्कृत बन्दै शान्तरसको अनुभूति गराउन समर्थ देखिन्छ र यसमा वैदर्भी रीति र प्रसादगुणको सहयोग पनि सर्वत्र देखिएको छ ।

६.१ उपमावैशिष्ट्य

उत्कृष्ट वस्तुसँग कुनै पनि वस्तुको तुलना "उपमा" हो । यो उपमाले शब्दार्थजन्य काव्यार्थलाई अलङ्कृत पार्छ र भावकको हृदयस्पर्श गर्छ । जस्तै-

तुषराशिसमाक्षिप्ता दीप्ता मणिगणा इव ।
अज्ञातमूल्यास्ते ग्रन्था सन्ति तेषां गृहेऽधुना ॥

भूसको थुप्रोमा फालिएका चम्किला मणिहरू झैँ मूल्यहीन त्यस्ता ग्रन्थहरू ऐले पनि उनको घरमा छन् ।

(वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः ५५)

यो उपमा अलङ्कार हो । यहाँ मणिगण 'उपमान', ग्रन्थ 'उपमेय', 'अज्ञातमूल्य' सामान्यधर्म र 'इव' शब्द उपमावाचक छन् । यस तुलनाले उपमेय (उपमा दिन योग्य) ग्रन्थको महिमा बढेको छ । उपमाका पूर्वोक्त ४ तत्त्वहरूको उपस्थिति भएकाले यो "पूर्णोपमा" अलङ्कार हो । यी ४ तत्त्वहरूमा कुनै कुनैको अभाव भएमा "लुप्तोपमा" हुन्छ, अरू पूर्णोपमा जस्तै-

राजेन्द्रविक्रमाह्वस्य द्विजानेः पृथिवीपतेः ।
आसीद् दशरथस्येव चित्तस्य विषमा स्थितिः ॥

दुई वटी पत्नी भएका राजा राजेन्द्र विक्रमको चित्तको स्थिति दशरथको जस्तै "विषम" थियो ।

पुरुषाणां प्रधानानामभावान्नृपतिप्रिया ।
कृत्तपक्षा विहङ्गीव स्वकीयैश्चरितैरभूत् ॥

मुख्य पुरुषहरूको अभावमा आफ्ना चरित्रहरूले गर्दा ती राजपत्नी पखेँय काटिएको चरीझैँ भइन् ।

(जङ्गबहादुरस्याभ्युत्थानम्, श्लोक ८ र ३५)

CC-0. In Public Domain. Digitization by eGangotri

६.२ उत्प्रेक्षावैशिष्ट्य

तुलना गर्नका लागि कुनै पनि उपमान (जससँग तुलना गरिन्छ)को संभावना गर्नु "उत्प्रेक्षा" अलङ्कार हो । यसमा पनि उपमामाझैं चार तत्त्व (उपमान, उपमेय, साधारण धर्म र वाचक शब्द) हुन्छन् । जस्तै-

जीर्णा भाषाऽप्यजस्रं भजति गतिमहो ! प्रौढताशालिनीव ।

पुरानो वा थोत्रिएको भाषा पनि प्रौढताशालिनी जस्तै निरन्तर गति लिइरहन्छ ।

(जीर्णा भाषाऽप्यजस्रं भजति गतिमहो प्रौढाताशालिनीव-१)

यहाँ भाषामा "प्रौढताशालिनी" गुणको संभावना गरिएको छ तर यो सत्य नभएकोले उपमा होइन तर "उत्प्रेक्षा" अलङ्कार हो ।

विद्यार्थिनः स्वैः प्रलपैरुन्मत्तानिव कुर्वता ।
नेतृवर्गेण लोकेन पूर्वं स्वार्थो व्यधीयत ।।

आफ्ना प्रलापहरूद्वारा विद्यार्थीहरूलाई "उन्मत्त झैं" बनाउदै नेतृवर्गले सर्वप्रथम "स्वार्थ" राख्यो ।

(प्रजातन्त्रारम्भस्येतिहासः, पूर्णिमा, पूर्णाङ्क १०५, वि.सं. २०६०)

६.३. अतिशयोक्तिवैशिष्ट्य

असम्भव वा अतिरञ्जनात्मक वर्णन गर्दा "अतिशयोक्ति" अलङ्कार हुन्छ । जस्तै-

बुद्धस्य ते सुमधुरां परिपीय वाणीं
भूयान् ययौ नरगणः कृतकृत्यभावम् ।

हे बुद्ध ! तिम्रो मीठो वाणी "पिएर" धेरै मानववर्ग कृतकृत्य बन्यो ।

(मारजित्-३)

यहाँ वाणीलाई "पिएर" भनिएको र वाणी जिभ्रोले प्यून नसकिने हुँदा "अतिशयोक्ति" बनेको छ । "सुनेर" भन्नुको सट्टा "पिएर" भनिनुमा "सुन्दरता" झल्किन्छ ।

ॐ स्वस्ति कान्तिपुरभावसतां महीध्रभूपालमौलिमणिरश्मिसमर्चिताङ्घ्रेः ।

कान्तिपुरनिवासी र पर्वतीय राजाहरूका शिरोमणिका कान्तिले चरण पुजिएका (राजा रणबहादुर)को जय होस् ।

(राज्ञा रणबहादुरेण मन्त्रिणे दामोदराय प्रहितं पत्रम्, १)

यहाँ पर्वतीय राजाका शिरोमणिका प्रकाशले राजा रणबहादुरको चरण पुजिएको वर्णनमा "अतिशयोक्ति" छ किनकि प्रकाशले चरणपूजा गर्नु असम्भव छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अतिशयोक्तिको बीज "साध्यवसाना लक्षणा" मानिन्छ किनकि यस अलङ्कारमा पनि मुख्य अर्थको बाध हुन्छ र लक्षणा गर्नुपर्छ । "प्यूनु", "पुज्नु" क्रिया मुख्यार्थबाधित छन् र "सुत्नु" र "स्पर्श गर्नु" जस्ता लक्ष्यार्थबोधपछि मात्र वाक्यार्थमा समन्वय आउँछ । यसलाई कविप्रसिद्धिले अझ बल दिएको हुन्छ । "कीर्ति सेतो हुन्छ" भन्नेजस्ता कविमान्यता नै कविप्रसिद्धि हो र यो अतिशयोक्ति पनि हो किनकि नदेखिने कीर्तिको रङ्ग वा वर्ण कसरी ? यसरी नै पन्तका कविताहरूमा अरू अलङ्कार पनि बुझ्नुपर्छ ।

यी अलङ्कारहरू काव्यको आत्मा मानिने रस, भाव वा ध्वनि आदिका अङ्ग वा सहयोगी हुन्छन् । लावण्यवती युवति गहनाहरूले अझ राम्री भएझैँ रसिला काव्यकविताहरू पनि अलङ्कारले अझ राम्रा वा स्वादिला बन्छन् । वास्तवमा रसका धर्मप्रसाद, माधुर्य र ओज नामका काव्यगुण हुन् । पन्तका कविताहरूमा प्रसादगुण र वैदर्भी नामको कोमल पदशैली पाइन्छ । यो सबै काव्यवैशिष्ट्यबोध गर्न साहित्यशास्त्रका लक्षणग्रन्थ पढ्नु आवश्यक छ ।

६.४ लक्षणावैशिष्ट्य

मुख्यार्थबाध भएका शब्दहरूमा जब लक्षणावृत्तिको प्रयोग गरेर अर्थबोध सहज पारिन्छ, त्यतिखेर कल्पना गरिएको अर्थ "लक्ष्यार्थ" बन्छ । त्यो अर्थ दिने शब्द पनि "लाक्षणिक" मानिन्छ । यस प्रकारका लक्षणाको कारण "रूढि वा प्रयोजन" मानिन्छ । कोही यस्ता शब्दहरू पनि हुन्छन्, जो सधैँ "रूढ" हुन्छन् अर्थात् त्यस्तो सापेक्ष अर्थबोध गराउन प्रख्यात मानिन्छन् । त्यस्ता शब्दहरूमा योगार्थ वा व्युत्पत्तिलभ्य अर्थ गौण (अप्रधान) हुन्छ । जस्तै-

ताम्राननस्य समरोचितकालमिच्छुः षाड्गुण्यमार्गनिपुणोऽक्षिगतस्त्वमासीः ।

हे भीमसेन ! षाड्गुण्य (सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र आशय नामका राजनीतिका ६ गुणको समूह)को नीतिमा कुशल तिमी अंग्रेजहरूका अगाडि देखापरेका थियौ ।

(भीमसेनथापा आत्महत्याया हेतुः ११)

यहाँ "ताम्रानन (रातो मुख भएका)" भन्ने शब्द अंग्रेजहरूको अर्थमा "रूढ" छ किनकि राता मुख भएका अरू प्राणीहरूको अर्थमा यो प्रयोग भएको छैन । कवि पन्तले कतै कतै अंग्रेजहरूको लागि "सितास्य (सेतो मुख भएका अर्थात् गोरा)" शब्दको पनि प्रयोग गरेको देखिन्छ । अंग्रेजहरू रातो मुख भएका र सेतो मुख भएका दुवै हुने भएकाले यस्ता शब्दहरूको प्रयोग गरिएको हुन सक्छ । सितास्यशब्दप्रयोग जस्तै-

CC-0. In Public Domain. Digitization by eGangotri

भागाभाग गरे सितास्यहरुले कालो गरी आनन
ल्यायौँ ती रिपुलाई कत्तल गरी बन्दूक खोसीकन ।
मैले यो विधिले लडेर रणमा हिन्दुत्व रक्षा गरेँ
चण्डीमा रिपुमुण्ड अर्पण गरी क्यै देशसेवा गरेँ ।।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश, जगदम्बा प्रकाशन- श्लोक ३४८)

"चण्डीमा रिपुमुण्ड अर्पण" पदसमूहमा णकार र डकारको पुनरावृत्ति हुँदा वर्णानुप्रास पनि छ ।

६.५ रसभाववैशिष्ट्य

कवि पन्तका कविताहरूमा शृङ्गार, वीर, करुण, शान्त आदि प्रमुख रसहरूको अनुभूति हुन्छ । पत्नीवियोगमा लेखिएको "मर्त्यस्य स्वगतिं गतस्य कुरुतां मर्त्यः स्वयं किन्नु वा" कवितामा शृङ्गाररस करुणरसको सहयोगी छ र यो गुणीभूत व्यङ्ग्यको स्थिति पनि हो किनकि कुनै पनि रसलाई उत्कर्षमा पुग्नका लागि अरूको सहयोग मिलेको अवस्थामा नै त्यो रस गुणीभूत व्यङ्ग्य बन्छ । "मारजित् !" कवितामा शान्तरसको अनुभूति हुन्छ । वास्तवमा देवादिविषयिणी (देवता, राजा, गुरु, बाबु र आमा आदि पूज्य व्यक्तिहरूमा भएको) रति नै शान्तरसको स्थितिमा पुग्छ । यो नै "भाव" हो र यसको आस्वाद पनि "रस" नै मानिन्छ । किनकि रस, भाव, रसाभास, भावाभास, भावप्रशम, भावोदय, भावसन्धि र भावसबलता (भावमिश्रण) नामका ८ वटा भावात्मक अवस्थाहरू सबै "रस" मानिएका छन् । भाव, विभाव, अनुभाव, सञ्चारी भाव आदि भावहरूको प्रधानता, आप्तधानता र तिनीहरूको अनुयातको विशेष ज्ञानका लागि लक्षणग्रन्थहरूको अध्ययन गर्न सकिन्छ । भावध्वनि जस्तै-

भक्तानां सिद्धिदायी भवतु गणपतिर्विध्वविध्वंसकारी
सैन्यैः सार्द्धं व्रजन्ती क्षपयतु समरे कालिका शत्रुतेजः ।
स्मेरास्यश्चन्द्रचूडो भवतु पशुपतिश्चित्तसन्तापहारी
योगी गोरक्षनाथो वितरतु सततं भावनां शुद्धरूपाम् ।।

विघ्ननाश गर्ने गणेश भक्तहरूको सिद्धिदाता बनून्, भगवती कालिका आफ्ना सेनासाथ रणभूमिमा गएर शत्रुहरूको तेजनाश गरून्, शशिशेखर पशुपति हाँस्दै भक्तहरूको सन्तापहरण गरून् र योगी गोरक्षनाथले पनि भक्तहरूलाई निरन्तर विशुद्ध भावना दिऊन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या, श्लोक १)

यहाँ गणेश, कालिका, पशुपति र गुरुगोरक्षनाथमा देखाइएको रति वा प्रीति भाव वा भक्तिको रूपग्रहण गर्दै शान्तरसको अवस्थामा पुग्न सक्छ किनकि यो रसको अवस्था ईश्वरीय अनुभूति हो र यो हृदयनिगूढ हुँदा अरूद्वारा अनुमान गर्न सकिन्न ।

७. उपसंहार

यी हुन् कविवर नयराज पन्तका कविताका केही नमूनाहरू । प्रमाणप्रमेय, सुमतितन्त्र, सर्वानन्दकरण जस्ता महत्त्वपूर्ण ग्रन्थहरूको चिन्तन मनन पश्चात् आनन्दका लागि गरिएका साहित्यिक साधनाहरूको मधुर गुनगुनाहटको रूपमा देखापरेका यी संस्कृत कविताहरूको व्यापक विश्लेषण यस आलेखमा सम्भव नभएकाले भाषा-व्याकरण र विषयगत दार्शनिक चिन्तनहरूलाई पनि पन्छाएर गरिएको यो विवेचनाले यौटा प्रवेशद्वारको उद्‌घाटन मात्र गर्नेछ । "हृदयदोहः" नामको भविष्यको प्रकाशनले यस प्रकारका कविताहरूको सर्वाङ्गस्वरूपलाई देखाउने आशा गरिएको छ । जन्मशताब्दीका प्रसङ्गमा गरिने प्रकाशन र तिनीहरूका विवेचनाद्वारा गरिने श्रद्धाञ्जलि समर्पणभन्दा पनि यस प्रकारका प्रकाशन र विवेचनाको पठन पाठन प्रक्रियाको निरन्तरता नै वास्तवमा गुरुवरप्रतिको सच्चा श्रद्धाञ्जलि मानिनेछ । गुरुवरद्वारा सम्पन्न गरिएका गुरुकुलीय अध्ययन-अध्यापन परम्परा उहाँका उत्तराधिकारीहरूबाट अझ अगाडि बढ्दै जाओस् र गुरुवरलाई प्रसन्नता मिलोस् भन्ने कामन गर्दै महामना यशस्वी गुरुवरको आत्मशान्तिको निमित्त वाग्देवीसँग प्रार्थना गर्दछु ।

विषयविषनिवृत्तः सर्वदा शान्तचित्तो
नयविनययुतोऽयं सर्वविद्यासमृद्धः ।
जलिधिरिव शरण्यो नित्यगाम्भीर्यशीलः
स जयति नयराजः पश्यतां ब्रह्मनिष्ठः ।।

विषयरूपी विषको त्याग गर्ने, सधैँ शान्तचित्त बनेका, न्याय र नम्रता गुण भएका, सम्पूर्ण विद्याहरूले परिपूर्ण, समुद्रजस्तै सबैका आश्रय र निरन्तर गम्भीर स्वभावका र देख्दादेख्दै ब्रह्मलीन बन्ने यस प्रकारका कविता सम्पन्न ती नयराज गुरुवर सर्वोत्कृष्ट हुनुहुन्छ ।

सरस्वती श्रुतिमहती महीयताम् !

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका प्रसिद्ध विद्वान् नयराज पन्त : एक सम्झना

– एस.पी "आशा"

शेषराजजीले आज ४ वजेतिर एउटा लेख चाहियो भनेर फोन गर्नुभयो । मेरो आँखा अलि ठीक थिएन । फेरि आजकल कम्प्यूटर नेटवर्क भएका अधिकांश घरमा फेसबुकको र गेमको रोग पस्या छ । मेरो घरमा पनि आज त्यै रोग पस्याथ्यो । हिजोको जनै पूर्णिमाको विदा, आजको गाइजात्रा भोलिको शनिवारले गर्दा छोरा छोरी आएका थिए । स्कुल विदा भएर ती बसेकाले मामाघरमा वसेका भान्जा भान्जीका विषयमा मैले बताउन पर्दैन । फेरि आफ्नै घर परिवारका केटाकेटीहरू पनि भएकोले कम्प्यूटर भएको कोठा त साइवर जस्तो थियो । मलाई नयराजजी जस्तो विद्वान्को विषयमा कसरी लेख्न सकुला मेरो मनस्थिति नै तयार भएन । यता शेषराजजीले भने भोलि चाहिने कुरा गर्नुभएको थियो । इतिहास, धर्म, संस्कृति, ज्योतिष, साहित्यका प्रकाण्ड विद्वान् नयराजजीको जीवनकालमा उहाँका साथ भएका केही कुराका प्रसंगहरू लेखिएको एउटा लेख ज्ञानगुन प्रकाशनबाट नै छापिएको छ । त्यस कारण त्यस्तै लेख नलेखेर आज अलि भिन्न खाले लेख लेख्ने विचारमा छु । त्यसैले उहाँको विषयमा प्रकाशित भएका केही अंकहरू जम्मा गरें । ज्ञानगुन प्रकाशनले प्रकाशीत गरेका धेरै अंक मध्येका केही ६×७ अंकहरू मसँग रहेछ । ती अंक मध्येबाट आफूलाई लागेको केही कुराहरू यहाँ समावेश गरी लेख तयार गर्ने प्रयाशमा छु । यसवेला रातीको १० वजिसकेको छ ।

ज्ञानगुनका कुरा भाग ९८ नयराज पन्त अङ्क २१ र नयराज पन्त स्मृति अङ्क ११ मा महेशराज पन्तले नयराज पन्तले २००७/२००८ मा राजा वनाइएका ज्ञानेन्द्रको वारेमा संस्कृत नेपालीमा लेखिएका कुराहरू (त्यो गद्य र पद्य) को कुराको जानकारी गराउनु भएको छ । यो लामो लेख नौ पानाको रहेछ । गद्य पद्यको विषयमा महेशराजजी यसरी भन्नहुन्छ- ***"छोटकरीमा भन्नुपर्दा गद्यमा खासगरी घटनाको बयान र पद्यमा आफ्नो मनमा लागेको कुरा छ"*** उहाँको भनाइ अनुसार (यसको केही अंश

CC-0. In Public Domain. Digitization by eGangotri

छापिइसकेको ।) यसलाई पुष्टि गर्न तल १ नं. राखेर नोटको रूपमा यसरी प्रस्तुत गर्नु भएको–

(१) वि.सं. २०४१ सालमा काठमाडौंबाट संशोधन मण्डलद्वारा प्रकाशित पूर्णिमा ६१ पूर्णांकका ३२-४३ पृष्ठमा छापिएको वि.सं. २००७-२००८ मा आफूले देखे सुनेका र आफ्नो मनमा लागेका कुरा-

(२) वि.सं. २०४१ मा काठमाडौंबाट संशोधन मण्डलद्वारा प्रकाशित पूर्णिमा ६३ पूर्णाङ्कका २८-३१ पृष्ठमा छापिएको वि.स.. २००७-२००८ मा आफूले देखे सुनेका र आफ्नो मनमा लागेका कुरा । इत्यादि ४ लाइनमा ४ त्यसपछि (२) लेखिएपछि

(२) को दफामा पूर्णिमा ६१ पूर्णांकको ४१-४४ पृष्ठ,

„ ६३ पूर्णाङ्कका ३२-३४

„ ६४ पूर्णाङ्कको ३७-३९

त्यस्तै वि.सं. २०६२ मा काठमाडौंबाट ज्ञानगुन साहित्य प्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित शेषराज शिवाकोटीद्वारा सम्पादित "नेपालका वौद्धिक विभूति नयराज पन्तका १३१-१४१ पृष्ठ र त्यहाँ यसको शिर्षक ***नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल छ–***

यसरी नै वि.सं.२०६२ मा काठमाडौंबाट संशोधन मण्डलद्वारा प्रकाशित पुर्णिमा १२१ पूर्णाङ्कका २.१४ पृष्ठ । त्यहाँ यसको शिर्षक ***नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ नेपाल ४ खण्ड छ।***

यसै गरी यो नौ पानाको लेखमा यस्ता प्रमाणित कुराहरू र विद्वान नयराजजीको त्यो २००७-२००८ विषयमा लेखिएको लेखको विषयमा ठाउँठाउँमा यस्तो टिपोटहरूले प्रमाणित गरेको छ । यो त्यतिवेला प्रकाशित भएको यो लेख पनि साथै छापिएको छ । यो लेखको केही अंश यस्तो छ ।

वि.सं. २००८ कार्तिक २१ गते श्री ५ त्रिभुवन हिन्द दुतावासमा शरण लिन गएपछि श्री ३ मोहनले भोलिपल्ट श्री ५ त्रिभुवनलाई पदच्यूत गरी उनका ३ वर्षका माहिला नाती श्री ५ ज्ञानेन्द्रलाई गद्दीमा राखे । यो काम श्री ३ ले आफ्नो इच्छानुसार गरेको नभइ भारदारी र संसदका सदस्यहरूको राय

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार भएको हो भन्ने प्रचार गरिएको थियो र श्री ५ त्रिभुवनलाई हटाई श्री ५ ज्ञानेन्द्रलाई गद्दीमा राख्नुपर्छ भन्ने पत्रमा २६० जना गण्यमान्य मानिसहरूको सहिछाप परेको थियो। यस्तो प्रमाणको लागि टिपोट (वि.सं. २००७ कार्तिक २३ गतेको गोरखापत्र) संकेत चिन्ह (४) पनि दिएको छ। अनि इतिहासको ***व्याख्या अनुसार राणा विरोधमा प्रत्यक्ष वा परोक्ष रूपमा लागेका भनेर र प्रजातन्त्रवादी भनेर कहलिएका वालकृष्ण शमशेर राणा (पछि) बालकृष्ण सम, शङ्करदेव पन्त र पूर्णप्रसाद ब्राह्मण जस्ता मानिस पनि तिनमा थिए। यो भारदारी सभासदका सदस्यहरूलाई केही वोल्न नसक्ने र श्री ३ मोहनका दाश भनी वुवाले लेख्नुभएको छ।***

यस्तै तरीकाले यो नौ पाना भरिएको छ र यो लेखले २००७-२००८ को श्री ५ त्रिभुवनले देश छाडेर भारतमा शरण लिन गएपछिको नेपालको राजनैतिक अवस्था र त्यसवेलाका राणाशासकको अवस्थाको ज्ञान गराउँछ। त्यसको प्रमाणको लागि विद्वान् सुपुत्र महेशराजजीले ठाउँठाउँमा टिप्पणीको रूपमा टिपोट दिनु भएको छ। राणाहरूको विषयमा पनि नयराज पन्तज्युले लेख्नु भएको छ। त्यो मध्ये केशर शम्शेरको विषयमा यस्तो लेख्नुभएको रहेछ।

"श्री केशरले जनताको हितको लागि पहिले कहिले केही काम गरेको हामीलाई थाहा छैन। स्वास्नी र छोछोरीलाई एकैपल्ट थुनेर मनलगाी गरे भन्ने हामीलाई प्रष्ट छ यस्ता मानिसले पनि राणावंशले राज्य छाड्दा शत्रुहरूले उक्साएको .... (यो बुझिएन यस्तै छापिएको छ)मा आश्रित खालि पढ्नुमात्र साध्य भएको शुभकामना थुप्रो धन घास दिए जस्तै दिएका छन्।

त्यस्तै नयराज पन्तको विषयमा यै अङ्कमा नित्यराज पाण्डेले "ज्योती पुञ्ज पन्त" भन्दै एउटा लेखलेख्नु भएको छ। त्यो लेखमा नयराजजीको कविता लेख्नु भएको छ। चार लाइनको कविता यहाँ प्रस्तुत गरुं-

"हाम्रा निम्ति सधैं नदीनदहरू माधुर्यले पुर्ण हुन्।
कालामा सबिता नय पवनले माधुर्य छाइरहुन्॥
बाली वृक्ष र झारपातहरूमा माधुर्यको बास होस्।
पृथ्वीको कणकण वीच सधैं माधुर्य छाइरहोस्॥

अनि नित्यराजजीले भन्नुभएको छ- यस्तो रहस्यमय विषय सरलता साथ प्रकट गर्ने पन्तको मनमा आफ्नो कुरा हामीले बुझेनौं भन्ने लागिरह्यो। ***आफ्नो कुरा कति***

CC-0. In Public Domain. Digitization by eGangotri

सामर्थ्य र ज्ञान छ भन्ने कुरामा चिन्तन गरेनौं भन्दै आफ्नो कुराको महत्वमा प्रकाश पार्नुभएको छ । माथिको श्लोक वेदको ***"मधुवाता"*** भन्ने शब्दको व्याख्या हो । यो अङ्कमा देवेन्द्र भट्टराई, लक्ष्मीप्रसाद दाहाल, महेश प्रसाईं, अलका शर्मा चालिसेको समेत लेखहरू समावेश छन् ।

मसँग भएकै अर्को अङ्कमा "नयराज पन्तलाई चिनाउनको लागि संस्कृतमा लेखिएका उनका फुटकर केही पद्य र गद्यको उल्था" वाङ्मुख र अनुवाद भन्ने अर्को रहेछ । जसका लेखक विद्वान महेशराजजी हुनुहुन्छ यो विषयमा पछिल्लो पटक कुरा गरुंला । ज्ञानगुनका कुराकै १०५ औं अङ्कमा नयराज पन्तकै आफ्नो लेख ***"म गोबरगणेश बनेछु"*** भन्ने लेख छ साथमा माधव काफ्ले, एस.पी.आसा, हरिप्रसाद दाहाल, घनश्याम राजोपाध्याय र तारा पाखेका रचना छन् । त्यस्तै १०६ भागमा जापानमा परिचत नेपाली विद्वान नयराज पन्त, मिचिहिरो नरिता, प्रा. मुकुन्दराज अर्याल, राजेश आचार्य, सुरेन्द्र लोहनी, महेशराज पन्तका लेखहरू छन् । मसँग भएका अंकहरू यै हुन् । यी मध्येमा संक्षिप्त केही मात्र जानकारी गराएँ । यस्ता ठुला विद्वान् नेपालका विभूतिलाई म अकिञ्चनको मात्र भावनात्मक शब्द श्रद्धाञ्जली मात्र श्रद्धाञ्जली अस्तु ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाण्डविद्वान् पं. नयराज पन्तज्यूमा शब्दपुष्पाञ्जली

- डा. कमला सुवेदी

सुविख्यात प्रकाण्ड विद्वान् नयराज पन्तज्यूका बारेमा मैले इमानदारी र सत्यनिष्ठपूर्वक भन्नै पर्छ । मेरा पूज्यपिताजी लगायतका नेपालका संस्कृतका विद्वान् र चिनेजानेका सम्पूर्ण संस्कृत विद्वान्हरूबाट वहाँको अथाह अगाढ विद्वताका र आदर्शपूर्ण जीवनपद्धति बारेमा प्रशस्त सुनेकी भए पनि मैले वहाँबाट औपचारिक शिक्षा प्राप्त गर्ने सौभाग्यशाली बन्न सकिन । बनारसबाट औपचारिक शिक्षा प्राप्त गरी काठमाडौँमा आई २०२८ फागुनबाट तत्कालीन पद्मकन्या बहुमुखी कलेजमा अध्यापन गर्न थालेँ । त्यसपछि विभिन्न समयमा वहाँलाई चिनेकी भए पनि ज्ञानगुन प्राप्त गर्ने संयोग र सौभाग्य जुरेन ।

मैले विद्यावारिधि पनि साहित्य विषयमा सम्पूर्णनन्द सं.वि.वि.बनारसबाट गर्दै गर्दा सम्पूर्ण संस्कृत विद्वद्वर्गका परम श्रद्धेय र आदर्श गुरुवर ज्योतिष, इतिहास व्याकरण, साहित्य, गणित आदि विषयमा एकीकृत ज्ञान सागर भन्ने सुनेकीले आफ्नो अनुसन्धानको विषयमा वहाँसँग पनि मार्गदर्शन पाउने अभिलाषासहित वहाँको सान्निध्यमा पुग्ने पटक पटक प्रयास गरेकी थिएँ । तर पनि मलाई त्यस्तो सौभाग्य प्राप्त हुन सकेन । यसै बीचमा **विश्रान्ति** नामक पुस्तकको त्यस सन्दर्भमा वहाँको छात्र भएर सम्पर्क सान्निध्यमा रहेर र वहाँ अन्तर्गत रहेर धेरै समय कार्य गरेका भाग्यशालीहरूबाट जे जस्तो सुने जानेकी थिएँ । ती र विश्रान्तिको पहिलो भागमा २०५० मा उहाँले लेख्नुभएका संस्मरणका आधारमा केही लेख्ने आँट गरेकी छु, "त्वदीयं वस्तु गोविन्द ! तुभ्यमेव समर्पये" । समयमा सुने जानेकामध्ये मेरो स्मृतिपटलमा अभिलेखबद्ध हुन पुगेका पुराना कुरा जस्ताको तस्तै उतार्ने प्रयास गरेकी छु । गुरूप्रति सभक्ति आभार प्रकट गर्ने विद्वत्वरेण्य नयराज पन्तज्यू सभक्ति अभिवादन गरी यो शब्द पुष्पाञ्जलि सादर समर्पण गर्दछु ।

संस्कृत व्याकरण संस्कृत साहित्य र ज्योतिषशास्त्र तथा वेद र इतिहासका मूर्धन्य विद्वान् तथा इतिहासविद् नयराज पन्तज्यू सरस्वतीका अनन्योपासक हुनुहुँदो रहेछ । वहाँसँग मैले अनुसन्धानको क्रममा भेट्ने र केही जान्ने इच्छा गरेकी थिएँ । एकजना मेरा नजीकका नातेदारले वहाँले स्वास्नीमानिसहरूलाई पढाउने कुराकानी गर्ने नै गर्नुहुन्न

CC-0. In Public Domain. Digitization by eGangotri

भनेकाले त्यत्तिकै भयो । पछि गएर त्यो कुरा श्रीमती विद्याकुमारी वज्राचार्यज्यूबाटै सुनेपछि हो रहेछ भन्ने यकीन भयो ।

वहाँलाई भेट्न वहाँसँग केही सिक्न नपाए पनि उहाँकै अन्तेवासी प्रिय शिष्य तथा पुत्र प्रा. दिनेशराज पन्तज्यूसँग सम्पर्क हुनाले आदरणीय गुरुका बारेमा केही जान्ने मौका भने समयसमयमा पाउने गर्छु । अहिले पनि गुरुका बारेको जानकारी वहाँबाटै प्राप्त गरेकी हुँ र योगी नरहरिनाथ अभिनन्दन ग्रन्थमा भएको वहाँको लेखबाट पाएको जानकारी अनुसार गुरुवर पन्तज्यू कुनै कुरामा आफ्नो मतभेद भए पनि मतैक्य हुने कुरामा भने वहाँ बडा प्रेमले कुराकानी र व्यवहार गर्नु हुन्थ्यो । यी कुरा अंग्रेजी पढ्ने छात्रले सर्वप्रथम प्रथमा परीक्षा संस्कृतमा उत्तीर्ण गर्नैपर्छ भन्ने कुरामा नयराज गुरु असहमत हुनुभए पनि यसको प्रस्तावक योगी नरहरिनाथज्यूसँग वहाँको राम्रो सम्बन्ध थियो ।

वि.सं. २००७ सालदेखि वैद्य दिव्यवज्र बज्राचार्यज्यूका घरको दलानमा १५-१६ जना विद्यार्थी भएको सानो पाठशाला चलाउनुभयो । दिव्यवज्रजीले सरस्वी प्रेस नामक सानो छापाखाना चलाउनु भएको रहेछ । त्यही छापाखानामा संस्कृत सन्देश नामक मासिक पत्रिका प्रकाशित गराउन नरहरिनाथ आउनु भएको बेलामा उहाँसँग सम्बन्ध बढेछ । नयराज गुरुको पाठशालामा लेख र कविता लेख्नु अनिवार्य रहेछ । लेखिएको लेख प्रकाशित गर्ने साधन नहुँदा छाप्न सकिएनछ । धनव्रज बज्राचार्यज्यू र ज्ञानमणि नेपालज्यू लेख लेख्नमा अग्रणी हुनुहुँदो रहेछ । वि.सं. २०११ को वर्षामा गुरु, योगीजीको नेतृत्वमा चाँगुनारायण घुम्न जानु भएको रहेछ । त्यस दिनको यात्रा निकै सफल भएको मान्नुहुन्छ वहाँ । धेरै समयदेखि ३ वा ९ कुन हो भनि विवादमा आइरहेको लिच्छविकालको संख्यालाई ७ भनी निर्णय गरिदियो अरे त्यस यात्राले ।

एकदिन गुरुले योगीजीसँग भन्नु भएछ–“भवान् महनीयो विद्वान् वर्तते, राजनीते सम्पर्को भवतोविद्याभ्यासे काञ्चिद बाधामुत्पादयेत् । योगीजीले उत्तर दिनु भएछ– “भवानपि दरिद्रः, अहमपि दरिद्रः, द्रव्यं नास्ति, द्रव्यं विना कार्यं न चलति किं कर्तव्यम्” । यसरी सम्बन्ध केही घटे पनि २०५४ सालमा छापिएको “योगी नरहरिनाथ अभिनन्दन ग्रन्थको आफ्नो लेखमा यो कुरा लेख्नुभएको हो । त्यसै लेखकको अन्तमा वहाँ अगाडि लेख्नु हुन्छ- योगीजी नेपाल राज्यभर अझ नेपाल बाहिर पनि सुप्रसिद्ध अन्वेषकका रूपमा परिचित विद्वान् हुनुहुन्छ । उहाँका धेरै अनुयायीहरू पनि छन् । अगाडि उहाँ भन्नुहुन्छ, म देवीप्रसाद भण्डारी, महेशराज पन्त, दिनेशराज पन्त यी तीन जनाको सहायताले यथाकथञ्चित् पूर्णिमा चलाएर रोगशय्यामा सुतेर बाँचिरहेको छु । यसरी अर्काको गुणको कदर गर्ने वहाँहरूको महनीय कार्य पछिसम्म कायम थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

२०५७ सालमा नै श्री बलराम जोशी ज्ञान विज्ञान पुरस्कारबाट सम्मानित गर्ने कार्यक्रममा योगी नरहरिनाथज्यूले नयराज पन्तज्यूको करकमलबाट सम्मानित हुन पाए मात्र सम्मान ग्रहण गर्ने अठोट गर्नुभएपछि सारा कार्य पन्तज्यूकै निवासमा गरिएको थियो ।

५ वर्षको उमेरदेखि गुरुवर नयराज पन्तज्यू; आफ्ना मातामह भुवननाथ पाँडेसँग सुत्न र बस्न थाल्नु भएछ । त्यसैबेलादेखि पण्डित भुवननाथज्यूले आफ्नो नातीले बुझ्ने जति सबै कुरा वहाँलाई सुनाउने गर्नुहुन्थ्यो । उहाँका मातामह रानीपोखरी संस्कृत पाठशालामा ज्योतिष पढाउनु हुन्थ्यो । उहाँ पाठशाला जानुहुँदा हात समाती डोऱ्याउँदै पाठशाला लैजानुहुन्थ्यो । त्यहाँ अमरकोश पढ्ने वा अक्षर चिन्ने गर्नुहुन्थ्यो । यसरी २ अढाईवर्ष बिते । वि.सं. १९७७ मा मातामह, पढाउने पण्डितको रूपमा राजदरबारमा सरुवा भएपछि वहाँ कुमारीचोक भाषापाठशालामा गुरु पण्डित कविराज पाँडे (वि.सं. १९५८-१९९९) सँग हिसाब पढ्न थाल्नुभयो । गद्दी बैठकको दक्षिणपट्टि सडकपारि कुमारी घरसँग जोडिएर रहेको दरबारजस्तो ठूलो घरमा त्यो पाठशाला रहेको थियो । वि.सं. १९९० को महाभूकम्पमा त्यो घर भत्किएछ ।

उहाँका मातामह राजदरबारमा श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११) का बडामहारानीहरूलाई पढाउन नियुक्त हुनुभएछ । त्यहाँ शिक्षा -तिनताका दरबार स्कुलमा नियत भएको संस्कृत पाठ्यपुस्तक- तथा गणित पढाउनु पर्ने रहेछ । आफूले गर्नुपर्ने काम राम्रोसँग परिश्रमपूर्वक गर्ने पण्डित भुवननाथ पाँडेको स्वभाव रहेछ । शिक्षाको पुस्तक घरमा नहुनाले बजारबाट किनेर ल्याई त्यो पुस्तक हेर्न थाल्नुभयो । शिक्षाका जम्मा तीन भाग रहेछन् । त्यसपछि चाणक्य नीतिदर्पण पढाउन थाल्नुभएछ । साथै गणित, व्यक्त चन्द्रिका, गणित चन्द्रिका आदि । उहाँले बडामहारानीहरूलाई पढाएका कुरा घरमा वहाँलाई पनि पढाउनु हुँदोरहेछ ।

वि.सं. १९८५ देखि रानीपोखरी संस्कृत पाठशालामा श्रीगुरु बाबुराम पोखरेलसँग लघुकौमुदी पढ्न थाल्नुभयो । गुरुले राम्रोसँग पढाइ दिनुभएको र आफूले पनि निकै परिश्रमले पढ्नुभएको हुनाले ३ वर्षको पाठ्यपुस्तक २ वर्षमै पढिसक्न समर्थ हुनुभयो । पछि त्यसैवर्ष देवीदत्त पराजुली गुरुसँग अनुवाद पढ्ने क्रममा रचना चन्द्रोदय पढ्न थाल्नु भएछ । वि.सं. १९८६ को मार्गमा हुने प्रथमा परीक्षामा वहाँ पनि बस्ने निधो भएछ; त्यो पनि १९८६ को जेष्ठ आषाढतिर मात्र । प्रथमा परीक्षामा श्रुतबोध र रघुवंश चतुर्थ सर्ग पढ्नु पर्ने हुनाले पाठशालामा काव्यगुरुको नामले प्रख्यात हुनुभएका श्रीगुरु देवीदत्त पराजुलीकहाँ पढ्न थाल्नुभएछ । त्यहाँ श्रुतबोधको पाठ सकिइसकेको र रघुवंश चाहिँ पढाइँदैरहेछ । श्रुतबोध पनि पढाइ दिनोस् भन्न नसकी विलखबन्द परेको बेला उहाँका साथी मुक्तिनाथ लुइँटेलले श्रुतबोध गाह्रो छैन आऊ मैं पढाई दिउला भनी भन्नुभएछ र

CC-0. In Public Domain. Digitization by eGangotri

गणहरूका बारेका केही कुरा सिकाइ पनि दिनुभएछ यसरी पूर्व संस्कार र कडा परिश्रमले ६ महिना करीबको अध्ययनले पनि तेस्रो हुन सफल हुनुभएछ । मीनपचासमा बाबुराम गुरुसँगै अरू व्याकरण पढाइदिन अनुरोध गर्नुभएछ; बाबुराम गुरुले "पहिले मध्यकौमुदी पढ अनि म काशिका पढाइदिउँला भन्नु भएछ र मध्यकौमुदी पढ्नुभएछ । यसै गरी देवीदत्त गुरुसँग काव्य पढाइ दिन अनुरोध गर्दा अमरकोष कण्ठस्थ पार्न र आफूले बनाएको व्याकरणचन्द्रिका पढ्न लगाउनु भयो । किरातार्जुनीयम् पढाउने जिम्मा कालिदास पराजुलीज्यूको हुनाले देवीदत्त गुरुले घरमा बोलाइ पढाइदिनु भयो ।

एक दिन पढ्न जाँदा देवीदत्त गुरु खिन्न मनले आफ्नो खुट्टामा तेल घस्तै हुनुहुँदो रहेछ । गुरुलाई के भयो ? भनी सोध्नु भएछ । गुरुले खुट्टा करकर खाइरहेछ भन्दा, तेल र मकल त्यहीँ रहेछ आगो फुकी हात तताएर आधा घण्टा जति गुरुको पाउ मिचेपछि अहिले त करकर गर्न निकै कम भयो । आजलाई पुग्यो भन्नु भएछ र साहित्यका कुरा निकाल्न लाग्नुभएछ । साहित्यको रचनामा अभिधाबाट एक थरी अर्थ निस्कन्छ भने त्यसै श्लोकको व्यञ्जनाबाट अर्को अर्थ हुन्छ । तापनि कुनै कुनै रचनामा व्यञ्जनाबाट आउने अर्थ त्यसको ठीक विपरीत हुनेहुन्छ भन्ने कुरा सम्झाउँदै गुरुले यो श्लोक सुनाउनु भएछ ।

निःशेषच्युतचन्दनं स्तनतटं निर्मृष्टरागोधरो
नेत्रे दूरमनञ्जने पुलकिता तन्वी तवेयं तनुः ।
मिथ्यावादिनि ! दूति बान्धवजनस्याऽज्ञातपीडागमे
वापीं स्नातुमितो गतासि न पुनस्तस्याधमस्याऽन्तिकम् ।।

यस श्लोकमा नायिकाले आफ्नी सहायिकालाई "तिमी त त्यो अधम (बदमास) कहाँ गएकी रहिनछौ, नुहाउन तलाउमा पो गएकी रहिछौ; मलाई खालि ढाँट्यौ" भनेर भनिन् भन्ने अर्थ अभिधाबाट आउँछ; तर यहाँ नायिकाले नायकको लागि अधम (बदमास) भन्ने विशेषण लगाएकी र निःशेषच्युतचन्दनैस्तनतटं, निर्मृष्टरागोधरः, तवेयं तनुः पुलकिता आदि पदबाट पनि "तिमी आफै त्यो (बदमास) सँग लसपस गरिआएकी पो रहिछौ भनेर नायिकाले सहायिकालाई भनिन् भन्ने अर्थ निस्कन्छ र यो चाहिँ अर्थ व्यञ्जनाबाट निस्केको हो भनी गुरुले निकै लामो व्याख्या सुनाउनु भएछ ।

नयराज गुरुले ज्योतिषमा मध्यमाको परीक्षा दिएपछि वि.सं. १९८९ लाग्दा नलाग्दा अरु काव्य पढाइदिनोस् भन्न देवीदत्त गुरुकहाँ पुग्नु भएछ । त्यस दिन गुरुले यी कुरा भन्नु भएछ हेर, तिमीले मध्यकौमुदी अमरकोश रघुवंश पढिसक्यौ; म साहित्यका अरु ग्रन्थ पनि पढाइ दिउँला, परन्तु घोक्ने भन्दा लेख्ने काम बढी गर्ने गर । खाली घोक्ने तर लेख चाहिँ नलेख्ने हो भने त्यो घोकाइ काम लाग्दो हुँदैन । हाम्रा गुरु महामहोपाध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित गंगाधर शास्त्री (वि.सं. १९१०-१९७०) ले एकदिन हामीहरूको परीक्षा लिनुभयो। कुलचन्द्र दिनका दिन लेख्ने गर्थे त्यसैले होला उनका कविता गुरुले प्रथम श्रेणीमा पार्नुभयो। लेख्न त हामी पनि लेख्ने गर्थ्यौं परन्तु कुलचन्द्रको जस्तो लेखाइ हाम्रो हुन सकेन र हाम्रा कविता द्वितीय श्रेणीमा परे। एक जना गुरुका चेला व्याकरणाचार्य हुन लागेका थिए। उनी सधैँ घोक्थे मात्र, कहिल्यै लेख्दैनथे उनका लेखमा व्याकरण विषयकै अशुद्धिहरू पर्न गएछन्। गुरुले तिनका दोष औँल्याउँदै तिनलाई साफ गाली गर्नुभयो। यसकारण तिमी दिनका दिन लेख लेखेर मलाई देखाउने गर म हेरि दिउँला। उहाँ भन्नुहुन्छ "देवीदत्त गुरुका यिनै प्रेरणाले म केही लेख्न सक्ने भएको हुँ"।

छापाका रूपमा आएको वहाँको पहिलो श्लोक :

पद्मकासारलक्ष्मीस्त्वया नाशिता
जाड्ययुक्ताः कृता भारतीयाः प्रजाः।
नीचतां प्रापितो भानुमाँस्तद् वसु
संहृतं दुष्ट हेमन्त मन्तुर्न ते ॥

वज्रादपि कठोराणि मृदुनि कुसुमादपि जस्तै कठोरमा वज्रभन्दा कठोर र नरममा फूलभन्दा पनि नरम यसको उदाहरण आफ्ना मातृस्वसेय इन्दिरा प्रसाद पन्तको मृत्युले वहाँ अत्यन्त मर्माहत हुनुभयो भने आफ्नै छिमेककी विद्याकुमारी वज्राचार्य छोरी चेलीलाई नपढाई देखाउनुभएछ। उत्तरमध्यमासम्म तोयनाथ पाण्डे इतिहासशिरोमणिपुत्र श्री कृष्ण आचार्यज्यूले ज्योतिष पढाउनु भयो। २०२६-०२७ सालतिर शास्त्री द्वितीय वर्षमा पढ्दा सिद्धान्त ज्योतिषको कक्षा गुरु श्री नयराज पन्त गुरुज्युले २ घण्टा पढाउनु हुने रहेछ। म विद्याकुमारी बज्राचार्य त्यस कक्षामा छात्रा भएको नाता अध्ययनबाट वञ्चित भएँ। वहाँजस्तै आफ्नो विषयको गम्भीर विद्वान्सँग पढ्न पाएकी भए विषयवस्तुको बढी ज्ञान गर्ने थिएँ भन्ने विचार सुनाउनु हुन्छ। वहाँ यसरी नारी वर्गलाई नपढाउँदा यो विषय एउटा कुनामा थुप्रिएर रह्यो जस्तो लाग्छ वहाँलाई। वहाँ पुनः थप्नु हुन्छ पर्दा लगाएर पढ्ने भए पढाउँछु भन्दा हुन्छ भनेपछि पनि पुनः पढाउनु भएन अरे।

अंग्रेजीको अभ्यासका बारेमा गुरु आज्ञा हुन्छ। उहाँका मामा मास्टर मेरुनाथ पाँडेका साथी पण्डित तीर्थप्रसाद नेपालले वहाँलाई साथीको भान्जाका नाताले निःशुल्क अंग्रेजी पढाएदिनु दिनुभयो अरे।

काशीमा काशिकराजकीय संस्कृत पाठशालामा पढ्दा श्रीगुरु गणपति देवसँग स्वेच्छाले अंग्रेजीका केही पुस्तकहरू पढ्नुभयो। पढेको कुरा अड्याउन जति अभ्यास चाहिन्थ्यो त्यसको अभावमा उहाँको मनमा अंग्रेजी भाषाको प्रामाणिक व्याकरण चढ्न सकेन।

CC-0. In Public Domain. Digitization by eGangotri

अनभ्यासे विषं विद्या अजीर्णे भोजनं विषं ।

विषं सभा दरिद्रस्य, वृद्धस्य तरुणी विषम् ।।

वर्तमानमा प्रचलित शिक्षा पद्धति निरुद्देश्य छ । यस्तो किसिमको शिक्षाले मानिसलाई अकर्मण्यमात्र बनाउँछु । विद्वान् बनाउन सक्तैन भन्नु हुन्छ वहाँ । वहाँले आफ्ना जेठा छोरा महेश तथा कान्छा छोरा दिनेशलाई आफ्नै शिक्षा पद्धतिमा हुर्काउनु भयो । अनि आफूले बनाएको शिक्षा पद्धतिको पाठ्यक्रम र यो पढाइ स्वीकार गर्नेले पालना गर्नुपर्ने नियमहरू बनाउनुभयो जसको अनुसरण वहाँका छोरा दिनेशले, १० वर्षको उमेरमा उहाँले बनाएको नियम एकप्रति आफैँले सारी, सो स्वीकार समेत गरी प्रवेश गर्नुभयो । उहाँ अगाडि भन्नुहुन्छ यस पद्धतिका पहिला विद्यार्थी उहाँका मामाका जेठा छोरा चन्द्रनाथ हुन् । उनका पढाइको विचार गरेर नै उहाँका केही इष्टमित्रले आफ्ना मान्छेहरूलाई उहाँको अध्ययन पद्धतिमा प्रवेश गराए ।

आफ्ना पितामहको ८० वर्ष ३ महिनाको उमेरमा देहावसान भएपछि उहाँलाई ठूलो आघात पऱ्यो र आशौचकै बेलामा नेपाली पद्यमा एउटा शोककाव्य लेख्नु भयो । आफू एकोहोरो प्रवृत्तिको मान्छे भनि स्वीकार्नु हुन्छ वहाँ । उहाँकी धर्मपत्नी बुधकुमारीको मृत्यु भएपछि संस्कृत पद्यमा शोककाव्य लेख्नुभयो जो जयतु संस्कृतम्का १३ र १४ अंकमा छापियो । वि.सं. २०२३ आषाढ २३ गते उहाँकी ममतामयी माता यज्ञाप्रियाको ७८ वर्षको उमेरमा देहावसानको आशौचकै दिनमा एउटा शोककाव्य (नेपाली पद्यमा) तयार गर्नु भयो । त्यो पूर्णिमा १० अंकमा छापियो ।

आफ्ना सहयोगी रामजी तेवारी जसले प्रतिदिन रातको १ घण्टा जति समय वृहज्जातक, मुहूर्त चिन्तामणि, रत्नदीप, ज्योतिर्गणित, इतिहास संशोधनहरू पालै पालो उध्रने गर्नुहुन्थ्यो उहाँले सुन्ने गरी उध्रिँदा उहाँको स्वाध्याय हुने गर्दथ्यो भन्नुहुन्छ वहाँ । रामजीको जीवनी पूर्णिमाको ७० औँ अंकमा छापिएको छ ।

उहाँ डेढ वर्षको हुँदा पिता कृष्णदत्त पन्तको स्वर्गवास भयो । उहाँको औध्र्वदैहिक क्रिया कसरी भयो वहाँलाई थाहा छैन । थाहा पाउने उमेरको भएपछि आमाले आफ्ना पतिको श्राद्ध गरेको देख्नुभयो । १९७८ को श्रावणमा आठ वर्षको पुगेपछि व्रतबन्ध गरि मातामहले उहाँलाई गायत्री मन्त्र सुनाउनु भयो । वि.सं. १९७९ को फागुन कृष्ण एकादशीदेखि आफ्ना पिताको श्राद्ध आफैँ गर्न थाल्नुभयो । आमा पिण्डको भात पकाइ पिण्ड बाटिदिनुहुन्थ्यो । अरु विधि उनै सापकोटा पण्डित सिकाउँथे । यी कुरा मैले वि.सं. २०५० मा प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित विश्रान्तिको पहिलो भागमा पढेकी थिएँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पं. नयराज पन्त सत्यान्वेषी

- डा शोभा पोखरेल

निष्ठावान् विद्याव्यसनी, सत्यका पक्षपाती, अहोरात्र ज्ञानमार्गमा प्रवृत्त विशिष्ट विद्वान् श्रद्धेय गुरु नयराज पन्त वास्तवमा सबै विद्याप्रेमी, अनुसन्धाता सत्य र तथ्य प्रेमीहरूका निमित्त एउटा ज्वलन्त उदाहरण नै हुन पुगे । साँच्ची नै नयराज पन्तको नाम नसुन्ने नेपाली विरलै होलान् । नेपालका मूर्धन्य विद्वान् नयराज पन्तको सम्झनाले मात्र पनि प्रत्येक नेपालीलाई सत्यान्वेषी कतृव्यनिष्ठ र अनुशासित बन्ने प्रेरणा मिल्दछ । नयराज पन्तको बारेमा थुप्रै विद्वान्हरूले थुप्रै कुराहरू लेखिसकेका छन् तथापि उनको बारेका जति कुरा लेखिएता पनि लेखेर पुग्दै जस्तो अनुभव मैले गरिरहेको छु । हुनत म जस्ताले पं. नयराज पन्तको बारेमा अक्षर कोर्न खोज्नु सूर्यको अगाडि एउटा सानो दियो बालेको जस्तै हुनेछ । सूर्य स्वयं नै प्रकाशमान भएको हुँदा दियो देखाउनुको कुनै प्रयोजन हुँदैन तर पनि हामी श्रद्धाले विश्वासले सूर्यलाई दियो बाल्छौं त्यस्तै विश्वास लिएर मैले पनि नयराज पन्तको बारेमा केही शब्द कोर्ने धृष्टता गरेको छु । 'नयराज पन्त' भन्ने शब्द जब हामी सुन्छौं एकपटक हामी रोमाञ्चित हुन पुग्छौं, पुलकित हुन्छौं र आनन्दित बन्छौं । उनी जस्ता महान व्यक्तित्वको नित्तान्त खाँचो अनुभव गरिरहेको छ आज यस राष्ट्रले । आज जुन परिस्थितिमा विगतको सुन्दर शान्त विशाल नेपाल गुज्रिरहेछ त्यो परिस्थिति त्यो विकराल स्थिति आउँदै आउँदैनथ्यो होला यदि प्रत्येक नेपालीको हृदय नयराज पन्तकोझैँ परिश्रम र राष्ट्रप्रेमको वास्तविक भावनाले ओतप्रोत भइदिएको भए राष्ट्र आज लाखौं लाख नयराज पन्तहरूको आवश्यकता महसुस गरिरहेको छ ।

नयराज पन्तले इतिहास, कला, साहित्य, ज्योतिषविज्ञान आदि क्षेत्रमा लगाएका गुणले गर्दा उनी हाम्रा माझ श्रद्धेय छन्, अविस्मरणीय छन् ।

नयराज पन्तको जन्म वि.सं. १९७० साल श्रावण २६ गते काठमाडौंको महाबौद्धमा भएको हो । उनका पिता पं. कृष्णदत्त पन्त तथा माता चिनीमैयाँ (यज्ञप्रिया)को जीवन पनि सार्थक बन्न पुग्यो नयराज पन्तजस्ता पुत्रलाई जन्म दिएर । पं. कृष्णदत्त पन्त

CC-0. In Public Domain. Digitization by eGangotri

रानीपोखरी संस्कृत पाठशालामा व्याकरण पढाउँथे । वि.सं. १९७१ साल माघ २७ गते मङ्गलवार फागुन कृष्ण एकादशीका दिन उनी दिवंगत हुन गए । त्यतिबेला बालक नयराज पन्तको उमेर केवल डेढ वर्षको मात्र थियो । आफ्ना पिता परलोक भएपछि नयराज पन्त आफ्नी आमासहित मामाघरको हजुरबुवा पं. भुवननाथ पाण्डेसित बस्न थाले । नयराज पन्त पिताविहिन थिए भने पं. भुवननाथ पाण्डे पत्निविहिन । सानै उमेरदेखि बाजे पं. भुवननाथ पाण्डेको संरक्षकत्वमा हुर्केका नयराज पन्तमा धेरै कुराहरू सिक्ने तथा बुझ्ने मौका प्राप्त हुन गयो । पछिल्ला दिनमा गएर नयराज पन्त एक होनहार व्यक्ति हुन पुगे यो निश्चित पनि आफ्ना हजुरबुवाको प्रभाव परेको हुनाले नै हुन सक्छ ।

पं. भुवननाथका पिता पुर्खाहरू पहिलेदेखि नै दरबारसित नजिक भएकाले भुवननाथ पनि त्यहाँका महत्त्वपूर्ण घटना र रहस्यसँग परिचित थिए । नेपालको इतिहासमा सत्य र प्रमाणित घटनालाई कथात्मक रूपले उनी नयराजलाई सुनाइरहन्थे । बालकैदेखि नेपालका ऐतिहासिक घटनाहरूको वर्णन सुन्दै आएकोले र मातामहको सङ्गतले उनमा नेपालको इतिहासबारे रुचि बढ्दै गएको थियो । उनले नेपालको इतिहासको गम्भीर अध्ययन गरी ऐतिहासिक घटनाहरूको प्रमाण र इतिहासको राम्ररी जानकारी लिए (जोशी, २०६१, पृ. ७०) । इतिहासको अध्ययनप्रतिको लगाव तथा खोज एवं अनुसन्धानप्रेमी भएको हुनाले नयराज पन्त आफ्नो उद्देश्य प्राप्तिमा अगाडि बढी नै रहे ।

भुवनलाल प्रधान लेख्छन्- गाडधनको रूपमा लुप्त रहेको नेपालको इतिहास क्षेत्रमा खोरिया फाँड्ने, खार्ने कामको थालनी एकजना विदेशीले वि.सं. १९३६ (१८८० ई.)मा गरेको थिए । यस क्षेत्रमा अरु फाँड्ने काममा सर्वप्रथम अघि सर्ने पहिलो नेपाली बाबुराम आचार्य थिए । उनले यस कामको लागि तयारी सं. १९७६ सालमा थालेका थिए । उनले भेट्टाउन सकेका नेपाली ऐतिहासिक सम्पदाको प्रकाशन चाहिँ केही ढिलै भएपनि नेपालीहरू (नेपालवासीहरूले) नै नेपालको इतिहासको अध्ययन अनुसन्धान र लेखन गर्ने परम्परा बसाल्ने अगुवा व्यक्ति बाबुराम आचार्य नै भए (प्रधान, भुवनलाल २०६३, पृ. ३६) ।

नेपालको इतिहास सम्बन्धी सिङ्गो किताब नेपालवासी नेपालीहरूले नै लेख्ने प्रयासको आरम्भ भने नयराज पन्तले आफ्ना एकजना सहकर्मीसँग मिलेर गरेका थिए । भनाईको मतलव के हो भने नयराज पन्त र तोत्रराज पाण्डे मिलेर संवत २००४ सालमा **नेपालको संक्षिप्त इतिहास** शीर्षक पुस्तक लेखे । नेपालवासी नेपालीहरूले लेखेको 'संक्षिप्त' नै भने पनि नेपालको इतिहासको पहिलो पुस्तक यही हो । यसभन्दा अगाडि नेपालको

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास कि त विदेशीले कि त प्रवासी नेपालीले मात्र लेखेको देखिएको छ । त्यसैले नेपालको इतिहास लेख्ने सर्वप्रथम व्यक्ति हुन् भनेर नयराज पन्तलाई मान्नै परेको छ (प्रधान भुवनलाल २०६३, पृ. ३६) ।

वि.सं. २००९ साल असोज ५ गतेका दिन अघोषित गुरुकुलीय शिक्षालय रूपको आफैंले खोलेका पाठशालाका छात्रहरूको सहभागितामा नयराज पन्तले संशोधन मण्डलको स्थापना जस्ता कुरामा प्रकाशन सामग्रीमा परेका त्रुटीहरूलाई संशोधन गर्नुका साथै सो बारे प्रकाशन गर्न थाले । यसरी नेपाल तथा नेपालभन्दा बाहिरबाट प्रकाशन भएका कृतिहरूमा देखा परेका भ्रम. त्रुटीहरू अपुष्ट कुराहरू, मिथ्या कुरा आदिबारे गहिरो अध्ययन अनुसन्धानको माध्यमबाट खण्डन गर्दै जनमानस सामु ल्याइदिए । संशोधन मण्डलले त्रैमासिक पत्रिका पूर्णिमालाई पनि निरन्तरता दिई आफ्नो मुखपत्र बनायो ।

नयराज पन्तको बारेमा यो कुरो जानकारी गराइन आवश्यक छ कि इतिहास संशोधन गर्ने कार्यको थालनी नै नयराज पन्तबाटै भएको हुँदा इतिहास संशोधन मण्डलका पिता नयराज पन्त भन्न हामी गर्वकासाथ सक्छौ । उनी हाम्रा लागि एक वृहत ज्ञानकोष सरह छन् जतातिरबाट खोजी गरे पनि सजिलो जे खोज्यो त्यही प्राप्त हुने । एउटा हीरालाई हीराको महत्व थाहा हुँदैन । हीरापारखीका निमित्त त्यसको ठूलो महत्व हुन्छ त्यस्तै नयराज पन्त पनि हामी पाठकहरू, इतिहासका छात्रछात्राहरू तथा अध्ययन रुचाउने व्यक्तिहरूका निमित्त एउटा भण्डार नै हुन् ।

शुरुदेखि नै अनुशासनमा रमाएको जीवन पाँचै वर्षको बालक वेलादेखि नै आफ्ना हजुरबुवासित बस्दाबस्दै धेरै कुरो सिक्ने मौका पाए बालक नयराज पन्तले । हाम्रा छिमेकी राष्ट्रका प्रधानमन्त्री जवाहरलाल नेहरू जेलमा बसेका बखत आफ्नी छोरी इन्दिरा गान्धीलाई पत्र लेख्दा लेख्दै उक्त पत्रले 'Nehru's Letter' भन्ने मोटो पुस्तकको रूप लिन पुग्यो र आफ्ना पिताको माया सम्झना र आशीर्वाद स्वरूप उक्त पत्रका प्रत्येक शब्दलाई केलाई केलाई पढेर जसरी इन्दिरा गान्धी एक ठूलो व्यक्तित्व हुन पुगिथिन् भविष्यमा; त्यसरी नै बालक नयराज पन्त पनि आफ्ना बाबा हजुरबुवाहरूको तथा अध्ययनशील व्यक्तित्वहरूको सङ्गतमा परेर एउटा महान व्यक्ति बन्न पुगे जुन हाम्रो लागि एउटा ठूलो पाठ भइदिएको छ । हामी नयराज पन्तको बारेमा केही कुरा लेख्न अघि बढ्नुभन्दा पनि उनले देखाएको बाटोमा लाग्ने कोशिस गर्नु पर्‍यो । औसरवादी बन्नु उचित होइन । नयराज पन्तको 'संशोधन मण्डल' जुन 'इतिहास संशोधन मण्डल' बनेर हामी माझ पुण्यकार्यको निमित्त खडा भएको छ त्यसको आफ्नै इतिहास छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

... तिनताका लेखिएका इतिहासहरूमा हरिहरसिंह र लक्ष्मीनरसिंह दाजुभाइ हुन कि बाबु छोरा ? काष्ठमण्डपको नामाकरण कहिले भएको ? मानदेवको चाँगुको अभिलेखमा परेको संवत ३८६ विक्रम संवत हो कि गुप्त सम्वत ? यस्ता प्रश्नहरूमा भ्रामक विवरणहरू त दिइए नै साथै कैयौं ऐतिहासिक पात्रपात्राहरू बीचको सम्बन्ध जस्तो कुरामा पनि अनर्गल तथ्यावली प्रस्तुत गरियो । श्रीमतीलाई आमा र आमालाई श्रीमतीसम्म भन्न पुगियो । यस सन्दर्भमा बालचन्द्र शर्माले स्थिति मल्लका रानी राज्यलक्ष्मीदेवीलाई 'आमा' भनी गरेको त्रुटिलाई लिन सकिन्छ । इतिहासका यी त्रुटिहरूलाई हटाएर शुद्ध र वैज्ञानिक इतिहास लेखन राष्ट्रको अनिवार्य कार्य हो भन्ने दृढताका साथ नयराज पन्त २००७ सालको परिवर्तनको लगत्तै महाबौद्ध मासंगल्ली अवस्थित पीयूषवर्षिय औषधालयको एउटा कोठाबाट संस्कृत शिक्षाको प्रमाणपत्रविहीन शिक्षा र इतिहास संशोधनको अभियानको थालनी गरे । यस कार्यमा झण्डै १५-२० होनहार युवाहरूको संलग्नता रह्यो । संस्कृत शिक्षा र इतिहासका साधनहरूको कष्टसाथ खोजीनीति तिनको अभिष्ट बन्यो । नयराज पन्तको अगुवाईमा त्यो शिक्षा र अभियानमा जुटेका ती युवाहरूमा केशवमणि आदि, महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारी, भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल लक्ष्मण सत्याल, अकुर कुइकेल, कुमारधर शर्मा र महेशराज पन्त आदि मुख्य थिए । २००९ असोज ९ बाट अघिल्ला तीन जनाले प्रकाशन गरेको पहिलो इतिहास संशोधनले राजधानीमा खैलाबैला मच्चायो र ती संशोधकहरू नयाँसडक किनार उभिएर ठूलो ठूलो स्वरले वाचन गर्न थाल्दा जनसमुदाय आकर्षित हुन थाल्यो । २०१९ साल सम्ममा तिनले ५४ वटा संशोधनपत्रहरू प्रकाशमा ल्याए । इतिहास स्रोतका रूपमा रहेका उपत्यका भित्रका अनगिन्ती शिलापत्र र ताम्रपत्रहरू प्रकाशमा आए । इतिहास लेखनको क्षेत्रमा एउटा बाढी नै आयो । बाबुराम आचार्य र योगी नरहरिनाथ जस्ता हस्तीहरू यस कार्यमा खम्बा भएर उभिए । कालान्तरमा उपर्युक्त संशोधकहरूले स्वयंलाई "इतिहास-संशोधन मण्डल" भन्ने संस्थामा आवद्ध गरे (के.सी. २०६३, पृ. १५०-१५१) ।

इतिहास-संशोधन मण्डलका नयराज पन्तका चेलाहरू आज नेपालका ठूला ठूला व्यक्ति बनेका छन् ती व्यक्तिहरूको बारेमा लेख्नु पर्दा नयराज पन्त आधारशिला बनेर देखा पर्छन । नयराज पन्तले रानीपोखरी पाठशाला, वाल्मिकी क्याम्पस तथा त्रिभुवन विश्वविद्यालयमा पनि अध्यापन गरे । उनको शिक्षाप्रतिको देनको कदर गर्दै त्रिभुवन विश्वविद्यालयले उनलाई २०५७ सालमा महाविद्यावारिधीको उपाधि समेत दियो । संभवतः उनी अहिलेसम्मकै त्रिभुवन विश्वविद्यालयबाट महाविद्यावारिधी पाउने अन्तिम

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तित्व हुनु पर्दछ । लिच्छवि सम्वतको निर्णय किताब लेखे वापत् उनले २०४३ सालमा मदन पुरस्कार पनि प्राप्त गरे ।

नयराज पन्त निडर, स्वाभिमानी एवं सत्यवादी व्यक्ति थिए । अध्ययन, अध्यापन खोज, अनुसन्धानमा मात्र उनको मोह थियो भने आफ्ना सामिप्यमा आउनेहरूका आँखा खोलिदिने कार्यतर्फ पनि उनी बढी आकर्षित थिए । उनी चाहन्थे नेपालका नागरिकहरू शिक्षित बनुन र राम्रो नराम्रो, सत्य असत्य छुट्याउन सक्ने बनुन् । उनी ऐतिहासिक सामग्रीको संकलन र तिनको परिशीलनबाट मात्रै हाम्रो राष्ट्रको प्रामाणिक इतिहास तयार गर्न सकिन्छ भन्ने सिद्धान्तमा अडिग थिए भने आफ्ना कार्यमा निरन्तर लागी परिरहन्थे । अध्ययन अनुसन्धानप्रति उनको गहिरो लगाव थियो ।

वि.सं. १९३७ मा भगवानलाल इन्द्रजीले २३ वटा शिलालेखको प्रकाश गरी त्यस्ता सामग्रीको इतिहास लेखनमा उपयोग गरे । सेसिल वेण्डाल र सिल्भाँ लेभीले यही कामलाई पछ्याए तापनि यस्ता सामग्रीको अध्ययन अनुसन्धानमा निरन्तरता दिँदै त्यसको प्रामाणिकता जाँची तिनको उपयोग भने नयराज पन्त र उनका चेला छोराहरूले गर्दै आए (राजेश आचार्य २०६२, पृ. १५०) ।

सही इतिहास लेखिनु पर्दछ भन्ने उनको सिद्धान्त थियो । उनी आफ्ना सिद्धान्तमा ज्यादै नै अडिग थिए ।

तत्कालिन समयका इतिहासकारहरू सूर्यविक्रम ज्ञावली, बालचन्द्र शर्मा, ढुण्डिराज भण्डारीहरूको पुस्तकमा परेका भद्दा असुद्धिहरूको सप्रमाण खण्डन गरी गल्ति औंल्याइदिने कार्य इतिहास संशोधन मण्डलले नै गऱ्यो । यसरी नेपालका नाम चलेका इतिहासकारहरूबाट समेत हुन गएका त्रुटिहरू औंल्याएर सप्रमाण खण्डन गर्ने कार्य निकै जटिल कार्य हो । यस्तो कार्य पं. नयराज पन्तले नै गरे ।

नेपालका चिरपरिचित व्यक्तित्व प्रा. मङ्गलराज जोशीले समेत पं. नयराज पन्तसितै ज्योतिष पढेका हुन् । नयराज पन्तले उनको (जोशीको) कापी जाँच्दा उत्तीर्ण हुनको निमित्त आवश्यक नम्बर ल्याउन नसकेका कारण मङ्गलराज जोशी उनीद्वारा फेल हुन पुगेका थिए । तर परीक्षाको नतिजा भने जोशीको प्रथम श्रेणीमा उत्तीर्ण भएको आयो जुन कुरो नयराज पन्तलाई नजच्नु स्वाभाविक हो । यस्ता थुप्रै घटनाहरूलाई त्रिभुवन विश्वविद्यालयले आफ्ना गर्भभित्र राखेको छ ।

'नयराज पन्त' भन्ने शब्द एउटा गरिमाको शब्द हो, स्वाभिमानको शब्द हो, निष्ठाको शब्द हो । पं. नयराजलाई चाकरी चाप्लुसी तथा नीजि स्वार्थले कहिल्यै छुन

CC-0. In Public Domain. Digitization by eGangotri

सकेन भने सत्य बोल्दा र सत्य काम गर्दा कुनै पनि खालको परिणामको लागि उनी भयभित हुदैनथे ।

आफ्ना शिष्य हुन् वा नातेदार जो कोही हुन उनीहरूको गल्तीलाई औंल्याइदिने कार्य सदा पन्तले गरे । आफ्ना गल्तीलाई पनि उनी सबैको सामु स्वीकार्न अप्ठेरो मान्दैनथे । वि.सं २००४ मा तोत्रराज पाण्डेसित मिलेर प्रकाशन भएको 'नेपालको संक्षिप्त इतिहास'मा परेका अशुद्धिको संशोधन गर्ने काम पनि नहुन गएको होइन । सो कामको शुरुआत धनव्रज वज्राचार्य र ज्ञानमणि नेपालको इतिहास संशोधन ४ संख्याबाट भएको थियो ।

जसजसले नयराज पन्तको बारेमा कलम चलाए वा जिब्रो चलाए ती सबैले स्वीकारेकै कुरा हो कि उनको संग्रहमा भएका पुस्तकहरू ज्योतिष, काव्य, कोष, व्याकरण, नेपालको इतिहास, भारतको इतिहास, पाश्चात्य इतिहास, वौद्ध ग्रन्थ, नेपाली साहित्य कौटिल्यको अर्थशास्त्र इत्यादि विभिन्न विद्या सम्बन्धी पुस्तकहरूमा नयराज भएका अशुद्धि लेखिएका हुनाले पनि उनी एक उच्चकोटीका अध्ययशील, शिक्षाप्रेमी तथा परिश्रमी व्यक्तित्वका धनी थिए भनेर स्वीकारेका छन् ।

उनका बारेमा मलाई सबैभन्दा मन परेको कुरो त उनको कोठाको भित्तामा लेखिएको कुरो **"नपढ्ने मानिस यस कोठामा नपस्नु होला"** हो । यो वाक्य एउटा चर्चा परिचर्चाको विषय नै बन्न पुग्यो । सो लेखाई कसैको लागि अमृत झैँ लागेको हुन सक्छ भने कसैको लागि विष झैँ... । तर जसले जेसुकै सोचेता पनि उक्त वाक्यद्वारा नयराज पन्तले आम नेपालीलाई शिक्षाप्रेमी बन, अध्ययनशील बन, भन्ने संकेत दिएको नै बुझ्नु पर्दछ । आज उनको शतवार्षिकीको यस महान् अवसरमा यिनै शब्दका गुच्छाहरू नै यस लेखककोतर्फबाट हार्दिक श्रद्धाञ्जली !

सानेपा-२
फोन ०१-५५५०७९४

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुको घर !

- विभूति शर्मा

मेरो घर जावलाखेल एकान्तकुनामा छ । अहिले जहाँ बसेर म लेख्दैछु यही घरमा केही वर्ष अघिसम्म नयराज गुरु लेखिरहनुहुन्थ्यो । यो सोच्न मात्र पाउनु पनि आफैंमा एउटा अद्भुत अनुभव रहेछ ।

हामी भारत घुम्न गएको बेला दिल्ली पुगेका बेलामा विभिन्न स्मारकहरू घुम्ने क्रममा लालबहादुर शास्त्री भारतको प्रधानमन्त्री रहँदा बसेको घरमा पनि पुगेका थियौं । ती महान् व्यक्तिको घर अवलोकन गरिरहँदा, उनले प्रयोग गरेका वस्तुहरू जस्ताको तस्तै सजाएर राखिएको त्यस घरका कोठाहरू नियालिरहँदा आफू बसेको एकान्तकुनाको घरले पनि त यस्तै महिमा बोकेको छ भन्ने तर्कना गरिरहें । यसरी ठूलठूला व्यक्तिहरू बस्ने गरेको घरको पनि ठूलै महत्त्व हुने रहेछ भन्ने बुझेको थिएँ । यस अर्थमा पनि म आफूलाई गौरवशाली सम्झन्छु ।

केही जान्ने भएदेखि नै म आमा बाबाहरूसँग हरेक वर्ष पृथ्वीजयन्तीका अवसरमा गुरुको घर पुगेकै हुन्थें, गुरुले पङ्क्तिबद्ध गर्नुभएको श्री ५ पृथ्वीनारायण शाहको उपदेश सुनाउन । एक श्लोक सुनाएको एक रुपियाँका दरले पुरस्कार पाइने हुँदा हामी दाजुभाइ दिदीबहिनीका बीच होडबाजी नै चल्थ्यो कसले बढी कविता भट्याउन सक्छ भनेर ! दशैंको लगत्तै पछि कविता उध्रिने चलन थियो । घाममा सुन्तला खाँदै श्लोक कण्ठ गर्ने गरेको क्षण अहिले पनि झलझली याद आउँछ ।

अचेल पनि जाडो याममा सुन्तला खाँदै गर्दा–

कन्यादान हुँदा वधूतनुविषे जे जे थिए यज्ञमा ...
चित्त दीकन सधैं नृपभक्ति गर्न सक्तछ 'बिराज बखेती' ...
आफ्नो पश्चिम साँधतर्फ बलिया किल्ला जमाईकन ...

आदि श्लोक सम्झन पुग्छु अनि गोरखा र मकवानपुरका बीचको सम्बन्धमा

CC-0. In Public Domain. Digitization by eGangotri

आएको तिक्तता, आफूले मन पराएको विराज बखेतीलाई मन्त्री नबनाई जनताले चाहेको कालु पाँडेलाई मन्त्री बनाएको घटना, लमजुङसँग सन्धि गरेर मात्र काठमाडौंतिर लडाइँ शुरू गरेर देखाएको रणचातुर्य ... आदि इतिहासका घटना मानसपटलमा तरंगित हुन थाल्छन् ।

कविताका अर्थ नबुझेरै पनि बढीभन्दा बढी कविता सुनाइन्थ्यो । रमाइलोको लागि, विशेष गरेर आर्थिक पुरस्कार पाउनको लागि बाल्यकालमा कण्ठस्थ पारिएका ती कविताले अहिले आएर अलिअलि न्याय पाउन थालेका छन् ।

पछिल्ला समयमा पुस २७ गतेको जमघट यही घरमा हुन थाल्यो । गुरुको परिवारका सदस्यहरू र हाम्रो परिवारका सदस्यहरू मिलेर उपदेश सुनाउने गर्थ्यौं । गुरु ध्यान दिएर सुन्नुहुन्थ्यो । गुरुसँगै देवीप्रसाद भण्डारी (अब स्वर्गीय), प्राज्ञ ज्ञानमणि नेपाल, डा. महेशराज पन्त, प्रा. दिनेशराज पन्तहरू पनि सुन्नुहुन्थ्यो हाम्रो पाठ ।

गुरुको जन्मदिन श्रावण २६ गते पनि यहाँ जमघट हुने गर्थ्यो । भित्ताभरि टाँगिएका पुराना ऐतिहासिक फोटहरू र दराजभरि सजिएका पुस्तकहरूले गुरुको कोठाको शोभा बढाएका थिए । घरको तेस्रो तल्ला पूरै पुस्तकालयमा परिणत थियो । मेरो बालमस्तिष्कमा यो घर "ज्ञानघर" जस्तो थियो ।

मेरो जीवनमा गुरुको प्रभाव केवल एक विद्वान्को भन्दा धेरै ठूलो छ । उहाँले प्रत्यक्ष रूपमा केही अर्ति उपदेश दिनुभएको छैन तापनि उहाँका कृतिहरू मार्फत मैले धेरै कुरा सिक्ने मौका पाएकी छु ।

उच्च शिक्षा हासिल गर्ने क्रममा इन्जिनियरिङ विषयमा स्नातकोत्तर गर्दै गर्दा मैले थुप्रै जर्नलहरू पढ्नुपरेको थियो । संसारभरका विद्यार्थीले आफूले अध्ययनका क्रममा पत्ता लगाएका नयाँनयाँ सिद्धान्तहरूलाई लेखका रूपमा तयार पारेर सम्बन्धित अध्ययन केन्द्रहरूमा पठाउनुपर्छ । ती केन्द्रका विद्वान्हरूले आफूकहाँ आएका अनुसन्धान लेखहरू पढेर तिनको नवीनता र वास्तविकता जाँच गर्दा योग्य देखिएमा जर्नलहरूमा प्रकाशित गरिदिँदा रहेछन् । हामी जस्ता शोधार्थीहरूले शोधप्रबन्ध लेख्दा आफूले उपयोग गरेका सामग्रीको प्रमाण दिनुपर्ने भएकाले आफूसँग मिल्दोजुल्दा पूर्व कार्यहरूको ज्ञान हुनु पनि अनिवार्य हुने रहेछ । थरीथरीका जर्नलहरू पढिरहँदा मलाई बाल्यकालमा हजुरबा भोलानाथ पौडेलले सुनाउने गर्नुभएका संशोधन-मण्डलबाट प्रकाशित हुने लेखहरूको याद आउँथ्यो । अचेल उच्च शिक्षामा लाग्ने जुनसुकै शोधार्थीले प्रबन्ध लेख्न बस्दा पालना गर्नैपर्ने प्रवृत्ति गुरुले धेरै वर्षअगाडि नै नेपालमा शुरू गरिसक्नुभएको रहेछ । पूरै

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणका साथ अशुद्धिको खण्डन गरेर इतिहास संशोधन गर्नुहुन्थ्यो । यसरी गुरुमा रहेको आधुनिक वैज्ञानिक शिक्षाप्रतिको आस्था र दूरदर्शिता आदिले ममा गहिरो प्रभाव पारेका छन् ।

जहाँ सारा विश्वले रोमियो-जुलियट, लैला-मजनू आदिको प्रेमकथालाई अमर मान्ने गरेको छ, नयराज गुरुले ऋग्वेदका सूक्तिलाई नेपालीमा पङ्क्तिबद्ध गर्नुभएको पुरूरवा र उर्वशीको प्रेमकथाबाट प्रभावित छु म–

प्यारी कडा भैकन हिँड्दछ्यौ किन ...

सरल भाषामा लेखिएका गुरुका कविताहरू गुरुकै घरमा वेलावेलामा गुनगुनाइरहन्छ हाम्रो परिवार–

कति परिश्रमले कति खर्चले
प्रथित पण्डित बाबु बराजुले ।
विविध पुस्तक सञ्चय गर्दछन्
अलिकता त नयाँ पनि रच्दछन् ।।
अलस सन्ततिको करमा परी
अलिअलीसँग हाय दुसी परी ।
सकल पुस्तक मक्किन थाल्दछन्,
विविध बोध हरे शिव लुक्दछन् ।।...

नयराज गुरुको *गल्लीमा फ्याँकिएका कैसिङ्गर*को उपोद्घातमा छापिएका यी पङ्क्ति गुनगुनाउँदै मेरी आमाले मलाई पुस्तकको महत्त्व बुझाउनुभएको थियो । किताबको सधैं महिमा गर्नुपर्छ, यिनै हाम्रा गहना हुन् भनेर बाबा पनि बारम्बार भन्ने गर्नुहुन्थ्यो । सानैदेखि मेरो मनमा कोठाका भित्ताभरि ठडिएका काठका दराजमा रहेका किताबहरू देखेपिच्छे "हाम्रो त गहना यिनै हुन् रे, कस्तो अचम्म !" भन्ने लागिरहन्थ्यो ।

समग्रमा भन्नुपर्दा गुरुको जीवनी तथा उहाँका कृतिबाट म धेरै प्रभावित छु । आज गुरुको घरमा बसेर उहाँका बारेमा लेख्न लाग्दा मेरो वरिपरि सकारात्मक ऊर्जा प्रवाहित भइरहेको अनुभव गर्दैछु म । अर्को कुरा यो लेख प्रकाशित हुने पत्रिका ज्ञानगुनका कुराको मुद्रण पनि गुरुले टहल्ने गर्नुभएको आँगनमा रहेको प्रेसमा हुँदैछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



नयराज पन्त आफ्ना मित्रहरू ऋषभदेव शास्त्री र लक्ष्मीप्रसाद पोखरेलका साथ वि.सं.१९९१ साल माघ महिनामा –सम्पादक

वि.सं. २०४१ को विजयादशमीको दिन नयराज पन्तद्वारा महेशराज पन्तलाई टीका लगाइदिँदै